# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, वैशाख २९ गते, २०७७ साल (अतिरिक्ताङ्क २

## भाग १

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश, हेटौंडा

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०७७ सालको अध्यादेश नं. ०१**

# वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

**प्रस्तावनाः** नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको संरक्षण गर्न, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, औद्योगिकीकरण, जलवायु परिवर्तन लगायतका कारणबाट प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएको र हाल प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "वातावरण संरक्षण अध्यादेश, २०७७" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो अध्यादेशमा,-

(क) "अनुकुलन" भन्नाले जलवायु परिवर्तनको संभाव्य असर र जोखिमको आँकलन गरी थप हानि नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समयावधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य

कुनै ग्याँस धूवाँ वा धुलो निष्कासन हुने कार्य सम्झनु पर्छ।

(ग) "जलवायु परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमश: देखा पर्ने परिवर्तन सम्झनु पर्छ।

(घ) "जलवायु परिवर्तन व्यवस्थापन" भन्नाले जलवायु परिवर्तनको कारण उत्पन्न हुने समस्या न्यूनीकरण वा अनुकुलन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस सम्बन्धी नीति, रणनीति, संस्थागत संयन्त्र निर्माण, वित्त व्यवस्था, क्षमता अभिवृद्धि लगायतका समष्टिगत कार्यलाई समेत जनाउँछ।

(ङ) "जोखिमपूर्ण पदार्थ" भन्नाले जोखिमपूर्ण फोहरको सीमापार ओसारपसार, नियन्त्रण र विसर्जन सम्बन्धी बासेल महासन्धिमा सूचिकृत पदार्थ तथा मानव स्वास्थ्य र वातावरणमा प्रतिकुल असर पार्ने विष्फोटक, ज्वलनशील, चीरस्थायी तथा संक्षारक (कोरोसिभ) गुण भएका र पुनः प्रयोग नगरिएका कच्चा पदार्थबाट प्रशोधन भई पहिलो पटक प्रयोगमा आउन लागेका पदार्थ सम्झनु पर्छ।

(च) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इकोसिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाईवरसिटी) तथा आनुवांशिक विविधता (जेनेटिक डाईवरसिटी) सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "न्यूनीकरण" भन्नाले मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्यासको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ।

(झ) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी, भस्कट, मिस्कट, गेग्रान, माटो सम्झनु पर्छ ।

(ञ) "निष्कासन" भन्नाले ध्वनि, ताप वा फोहर मैला फाल्ने, थुपार्ने वा निष्कासन गर्ने कार्य सम्झनु पर्छ।

(ट) "प्रदूषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ।

(ठ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ड) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन प्रचलित कानून बमोजिम सञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ।

(ढ) "प्रस्तावक" भन्नाले आयोजना वा परियोजना वा कार्यक्रमहरूको प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैह्र सरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(ण) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्ताव कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न तयार गरिने विश्लेषणात्मक अध्ययन तथा मूल्याङ्कन सम्बन्धी प्रतिवेदन सम्झनु पर्छ।

(त) "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले एक पटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरुप परिमार्जन गर्ने, संरचना स्थानान्तरण वा फेरबदल गर्ने, वन क्षेत्र थप गर्ने वा आयोजनाको क्षमता वृद्धि गर्नको लागि पेश

भएको प्रस्ताव उपर पुनः गरिने वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ।

(थ) "फोहर मैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्यांस, लेदो, धूवाँ, धुलो, विकिरणयुक्त तत्व वा पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु सम्झनु पर्छ।

(द) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको वातावरण हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ध) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ।

(न) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(प) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न तयार गरिने विस्तृत अध्ययन तथा मूल्याङ्कन सम्बन्धी प्रतिवेदन सम्झनु पर्छ।

(फ) "संरक्षण" भन्नाले वातावरण तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्बर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ।

(ब) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकुल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गर्ने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

## परिच्छेद-२

## वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी व्यवस्था

३. **वातावरणीय अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्नेः** (१) प्रस्तावकले कुनै प्रस्ताव वा आयोजना वा परियोजना वा कार्यक्रम सञ्चालन गर्नु पूर्व अनुसूची-१ मा उल्लेखित प्रस्तावहरुको संक्षिप्त वातावरणीय अध्ययन गरी अनुसूची-४ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) प्रस्तावकले कुनै प्रस्ताव वा आयोजना वा परियोजना वा कार्यक्रम सञ्चालन गर्नुपूर्व अनुसूची-२ मा उल्लेखित प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण गरी अनुसूची-५ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) प्रस्तावकले कुनै प्रस्ताव वा आयोजना वा परियोजना वा कार्यक्रम सञ्चालन गर्नुपूर्व अनुसूची-३ मा उल्लेखित प्रस्तावहरुको वातावरणीय प्रभाव मूल्याङ्कन गरी अनुसूची-६ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ।

४. **प्रतिवेदन स्वीकृत गर्नुपर्नेः** (१) यो अध्यादेश प्रारम्भ भएपछि कसैले पनि प्रचलित कानून बमोजिम वा यस दफा बमोजिम तयार गरिएको वातावरणीय प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव

वा आयोजना वा परियोजना वा कार्यक्रम वा प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन।

(२) दफा ३ बमोजिम वातावरणीय अध्ययन गरी तयार गरिएको प्रतिवेदन स्वीकृतिका लागि देहायको निकाय समक्ष पेश गर्नु पर्नेछ :-

(क) प्रदेश सरकारसँग सम्बन्धित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा प्रस्तावसँग सम्बन्धित मन्त्रालयको राय सहित मन्त्रालय समक्ष,

(ख) स्थानीय तहसँग सम्बन्धित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा जिल्ला समन्वय समितिको राय सहित मन्त्रालय समक्ष,

(ग) प्रदेश सरकारसँग सम्बन्धित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा प्रस्तावसँग सम्बन्धित मन्त्रालय समक्ष,

(घ) स्थानीय तहसँग सम्बन्धित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा स्थानीय कानूनमा व्यवस्था भए बमोजिम र स्थानीय कानूनमा व्यवस्था नभएको अवस्थामा जिल्ला समन्वय समिति समक्ष,

(ङ) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहसँग सम्बन्धित नदीजन्य तथा खनिजजन्य पदार्थको उत्खनन वा सङ्कलनसँग सम्बन्धित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा जिल्ला समन्वय समिति समक्ष,

(३) दफा ३ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा प्रतिवेदन स्वीकृत गर्ने निकायले सो उपर आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गरी राय सुझाव दिनको लागि प्रतिवेदन स्वीकृत गर्ने निकायले त्यस्तो प्रस्तावसँग सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधि तथा आवश्यकता अनुसार विषय विज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा पन्ध्र दिनभित्र प्रतिवेदन स्वीकृत गर्ने निकायले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न गराउन आदेश दिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम दिईएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन पेश गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पर्ने नदेखिएमा प्रतिवेदन स्वीकृत गर्ने निकायले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिनेछ।

(८) उपदफा (७) बमोजिम प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाईन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा यसरी परिमार्जन वा थप गर्दा, स्वीकृत प्रतिवेदनमा उल्लेखित व्यहोरा तथा परिमाण र परिवर्तन वा थप गर्नुपर्ने व्यहोरा तथा परिमाण जोड्दा अनुसूची-३ भित्र उल्लेखित प्रस्तावको क्षेत्रमा परेमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

(९) उपदफा (७) बमोजिम प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा यसरी परिमार्जन वा थप गर्दा, स्वीकृत प्रतिवेदनमा उल्लेखित व्यहोरा तथा परिमाण र परिवर्तन वा थप गर्नुपर्ने व्यहोरा तथा परिमाण जोड्दा अनुसूची-२

भित्र उल्लेखित प्रस्तावको क्षेत्रमा परेमा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्नेछ।

५. **<u>विकल्पको विश्लेषण गर्नु पर्नेः</u>** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सक्ने विभिन्न विकल्पहरूको विश्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सक्ने आधार र कारण सहित सिफारिश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवं दीर्घकालीन सञ्चालन प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने विधि तथा प्रकृया समेत उल्लेखित गर्नु पर्नेछ ।

६. **<u>क्षेत्र निर्धारण तथा कार्यसूचीः</u>** (१) यस अध्यादेश बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व प्रस्तावकले प्रतिवेदन स्वीकृत गर्ने निकायबाट त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययनको हकमा अनुसूची-७, प्रारम्भिक वातावरणीय परीक्षणको हकमा अनुसूची-८ बमोजिमको कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा अनुसूची-९ बमोजिमको क्षेत्र निर्धारण प्रतिवेदन र अनुसूची-१० बमोजिमको कार्यसूची प्रतिवेदन स्वीकृत गर्ने निकायबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन तयारीको सिलसिलामा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको सम्बन्धमा प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था,

स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा पन्ध्र दिनभित्र लिखित सुझाव दिनको लागि सम्बन्धित स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थामा अनुसूची-११ मा तोके बमोजिमको सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ र सोही बमोजिमको पन्ध्र दिने सूचना राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ । प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

(३) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कुनै प्रस्तावको सम्बन्धमा प्रस्तावकले क्षेत्र निर्धारणका लागि प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा लिखित सुझाव दिनको लागि पन्ध्र दिनको अवधि तोकी राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनुसूची-१२ मा तोके बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ।प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

७. **वातावरणीय व्यवस्थापन योजनाः** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका लागि पेश गर्दा वातावरणीय व्यवस्थापन योजना तयार गरी सँगै पेश गर्नु पर्नेछ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय सञ्चालन प्रभाव न्यूनीकरणका उपायहरु मध्ये कुन-कुन उपायहरु आयोजना निर्माणको

क्रममा र कुन-कुन उपायहरु आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो, सो समेत उल्लेख गर्नु पर्नेछ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिम वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरेका वातावरणीय सञ्चालन प्रभाव न्यूनीकरणका उपायहरु प्रभावकारी भएको नदेखिएमा मन्त्रालय वा प्रस्ताव स्वीकृत गर्ने निकायले अन्य प्रभावकारी उपाय अवलम्बन गर्न आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च प्रस्तावकले व्यहोर्नु पर्नेछ।

(४) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको लागि स्पष्ट कार्य योजना बनाई सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन सुरु भएपछि प्रत्येक छ महिनामा प्रतिवेदन स्वीकृत गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

८. **पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेः** (१) दफा ४ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाईन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा सञ्चालन प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नको लागि प्रस्तावकले आयोजनाको विभिन्न अवयवमा

परिवर्तन गर्नु परेको कारण तथा त्यसबाट वातावरणमा पर्न सक्ने सञ्चालन असरका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याई सहित निवेदन दिनु पर्नेछ।

तर मन्त्रालयले प्रस्तावकलाई पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन पेश गर्न आदेश दिएकोमा प्रस्तावकले निवेदन दिनु पर्ने छैन।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा मन्त्रालयले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अनुमति दिन सक्नेछ।

९. **सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्नेः** (१) प्रस्तावकले यस अध्यादेश बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिना भित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको सञ्चालन प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको सञ्चालन प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदन स्वीकृत गर्ने निकायमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा प्रतिवेदन स्वीकृत गर्ने निकायले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने सञ्चालन प्रभावलाई न्यूनीकरण गर्न अपनाईएको उपाय

प्रयाप्त भएको नदेखिएमा त्यस्तो सञ्चालन प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ।

१०. **प्रस्ताव कार्यान्वयनमा रोक लगाउन सक्नेः** (१) कसैले यस अध्यादेश बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा मन्त्रालय वा वातावरण निरीक्षकले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन। आयोजना कार्यान्वयन गर्दा सरकारी वा कुनै व्यक्तिको निजी सम्पत्ती हानि नोक्सानी भएको प्रमाणित भएमा प्रस्तावकबाट असुल उपर गरिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले यस अध्यादेश बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा उपदफा (१) बमोजिम लगाएको रोक मन्त्रालयले फुकुवा गर्न सक्नेछ।

११. **मन्त्रालयले वातावरणीय अध्ययन गर्न सक्नेः** मन्त्रालयले आफैंले सञ्चालन गर्ने योजना वा कुनै क्षेत्र वा स्थानको नक्साङ्कन गरी सो क्षेत्रको वातावरणीय अध्ययन गर्न सक्नेछ।

## परिच्छेद-३

## प्रदूषण नियन्त्रण सम्बन्धी व्यवस्था

१२. **प्रदूषण नियन्त्रणः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटेल, रेष्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदूषण वा जोखिमपूर्ण फोहर निष्कासन वा उत्सर्जनबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नको लागि प्रचलित कानून बमोजिम निर्धारित मापदण्डको अलावा थप मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) कसैले पनि वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुनसक्ने किसिमले प्रदूषण सृजना गर्न वा प्रचलित कानून वा प्रदेश सरकारबाट निर्धारित मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण तथा फोहरमैला निष्कासन गर्न वा गराउन हुँदैन।

(३) कुनै पनि सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटेल, रेष्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट निष्कासन हुने प्रदूषण वा जोखिमपूर्ण फोहर वा अन्य फोहर व्यवस्थापन गर्ने जिम्मा प्रदूषक वा व्यवसायीको हुनेछ।

(४) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय सञ्चालन प्रभाव पारेको देखिएमा मन्त्रालयले त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ र यस्तो प्रदूषण नियन्त्रण वा फोहरमैला व्यवस्थापन गर्दा लाग्ने खर्च सम्बन्धित प्रदूषकबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(५) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय सञ्चालन प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगमा बन्देज लगाउन सक्नेछ।

(६) सवारी साधन सञ्चालन हुँदा उत्सर्जन हुने फोहरमैला सम्बन्धित सवारी धनी वा सवारी सञ्चालकले नै व्यवस्थापन गर्नु पर्नेछ। सम्बन्धित सवारी धनी वा सवारी सञ्चालकले व्यवस्थापन नगरी जथाभावी फालेमा स्थानीय कानूनमा उल्लेख भए बमोजिम जरिबाना हुनेछ।

(७) प्रदूषण नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **<u>फोहरमैला व्यवस्थापन</u>:** (१) गाउँपालिका तथा नगरपालिकाभित्रको फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व सम्बन्धित गाउँपालिका वा नगरपालिकाको हुनेछ।

(२) गाउँपालिका तथा नगरपालिकाभित्रको फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था गाउँपालिका तथा नगरपालिकाको कानून वा अन्य प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

१४. **<u>प्लाष्टिकको व्यवस्थापन</u>:** (१) प्रदेशभित्र प्लाष्टिकजन्य उद्योग दर्ता तथा सञ्चालन गर्न चाहनेले मन्त्रालयबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) प्रदेशभित्र सञ्चालनमा रहेका प्लाष्टिकजन्य सामग्री उत्पादन गर्ने उद्योग तथा प्रदेश बाहिरबाट आयातित प्लाष्टिकजन्य सामग्री वा प्लाष्टिकजन्य सामग्रीले प्याकेजिङ्ग गरिएका सामान तथा

मालवस्तु बिक्री गर्ने व्यवसायीले प्लाष्टिक फोहोर व्यवस्थापनका लागि तोकिए बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त रकमबाट प्रदेश सरकारले तोकिए बमोजिम प्लाष्टिकजन्य सामग्रीको पुनः प्रयोग (रिसाईकिलिङ्ग) गरी सामग्री उत्पादन गर्ने उद्योगलाई सहुलियत दिन सक्नेछ।

(४) प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहले प्लाष्टिक प्रयोग तथा व्यवस्थापन मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(५) कसैले पनि प्रयोगमा आईसकेपछिको प्लाष्टिक वा प्लाष्टिकजन्य वस्तु जथाभावी फाल्नु हुँदैन। कसैले जथाभावी फालेमा स्थानीय कानूनमा उल्लेख भए बमोजिम जरिबाना हुनेछ।

**१५.** **प्रतिबन्ध लगाउन सक्नेः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुनसक्ने किसिमले प्रदूषण सृजना गर्नसक्ने उद्योग, खानी तथा खनिजजन्य एवम् अन्य व्यवसाय तथा सेवा स्थापना तथा सञ्चालन गर्न प्रतिबन्ध लगाउन सक्नेछ।

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी खास प्रकृति (इन्धन वा अवधि वा प्रकार वा स्वामित्व) का सवारी साधनहरूलाई प्रदेशभर वा कुनै क्षेत्रमा सञ्चालन गर्न नपाउने गरी प्रतिबन्ध लगाउन सक्नेछ।

(३) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी खास प्रकृतिका प्लाष्टिकजन्य वस्तु वा सामग्रीको उत्पादन, वितरण र प्रयोगमा प्रतिबन्ध लगाउन सक्नेछ।

१६. **प्रयोगशालाको स्थापनाः** (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणका लागि प्रदूषण जाँच तथा मापन गर्न प्रदेश सरकारले नेपाल सरकारले स्थापना गरेका प्रयोगशाला वा तोकिए बमोजिमका मापदण्ड पूरा गरेका अन्य प्रयोगशाला प्रयोग गर्न वा आफै प्रयोगशालाको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका स्थापना भएका प्रयोगशालाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वातावरणको संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धमा मन्त्रालय वा सम्बन्धित निकायबाट परीक्षण गर्न अनुरोध गरिएका चिज वा वस्तुलाई प्राथमिकता दिई परीक्षण गर्ने,

(ख) विशेष किसिमको प्रदूषण फैलिएको कारणबाट वातावरणमा गम्भीर असर पर्न गएको देखिएमा मन्त्रालयले तोकिदिएको समयावधि भित्र त्यस्तो प्रदूषण सम्बन्धमा जाँच गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्ने,

(ग) तोकिए बमोजिमका अन्य काम गर्ने ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमका प्रयोगशालाबाट जाँच गराएको प्रदूषणको स्तर सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्न सक्नेछ।

१७. **नमुना सङ्कलन गर्न दिनु पर्नेः** (१) कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन, आदिबाट सृजना वा निष्कासन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, ताप तथा फोहरमैलाको अध्ययन, प्रदूषणको कारणले मरेका जीवजन्तु वा वनस्पतिको नमुना परीक्षण वा विश्लेषण गर्नको लागि सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले मन्त्रालयबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमुना सङ्कलन गर्न दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यमा अधिकार प्राप्त व्यक्ति वा संस्थाले माग गरेको सहयोग स्थानीय प्रशासनले उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नमुना सङ्कलन, सोको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **जोखिमको व्यवस्थापनः** (१) प्रदेश सरकारले वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनबाट हुन सक्ने सञ्चालन असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि प्रदेश सरकारले सरकारी, गैह्र सरकारी तथा अन्य सार्वजनिक निकाय एवं निजी क्षेत्रबाट कार्यान्वयन गरिने क्षेत्रगत नीति, रणनीति वा कार्ययोजनामा सञ्चालन असर तथा जोखिम न्यूनीकरणको लागि अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश जारी गर्दा प्रदेश सरकारले प्राथमिकताका क्षेत्र तोक्न सक्नेछ।

(३) वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनबाट हुनसक्ने सञ्चालन असर तथा जोखिम न्यूनीकरण सम्बन्धमा सहरी तथा ग्रामीण क्षेत्रमा कार्यान्वयन गर्नु पर्ने विषयहरुको प्राथमिकता निर्धारण

गर्नको लागि प्रदेश सरकारले मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउन सक्नेछ।

(४) वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनबाट हुनसक्ने सञ्चालन असर तथा जोखिम न्यूनीकरणका लागि तोकिएका विषयगत क्षेत्रमा आवश्यक पर्ने प्रविधिको विकास गर्न प्रदेश सरकारले नीतिगत एवं प्राविधिक मापदण्ड निर्धारण गर्न सक्नेछ।

(५) जलवायु परिवर्तनको सञ्चालन असर र जोखिमबाट बच्नका लागि प्रदेश स्तरमा मन्त्रालयले र स्थानीय स्तरमा स्थानीय तहले अनुकुलन योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको अनुकुलन योजना बनाउँदा जलवायु परिवर्तनको असरबाट बढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

१९. **ग्रामीण तथा सहरी वातावरणीय मापदण्डः** (१) प्रदेश सरकारले वातावरण संरक्षण, प्रदूषण नियन्त्रण तथा भविष्यमा आईपर्ने वातावरणीय जोखिम न्यूनिकरणका लागि गाउँ, सहर तथा नयाँ विकास हुने सहरलाई समेत लक्षित गरी वातावरणीय मापदण्ड बनाइ लागू गर्न सक्नेछ।

(२) उपदफा (१) एक बमोजिमको मापदण्डको पालना गर्नु सो क्षेत्रमा बसोबास गर्ने व्यक्ति र सम्बन्धित स्थानीय तहको दायित्व हुनेछ।

२०. **आदेश जारी गर्न सक्नेः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षणका दृष्टिले पूर्व सावधानी अपनाउनु पर्ने विषयका सम्बन्धमा आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई मन्त्रालयले एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

## परिच्छेद-४

## वातावरण निरीक्षक सम्बन्धी व्यवस्था

२१. **वातावरण निरीक्षकको व्यवस्थाः** (१) प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कामसँग सम्बन्धित रहेर देहाय बमोजिमका कामकाज गर्न मन्त्रालय र अन्तर्गतका कार्यालयमा वातावरण निरीक्षक रहने छन्:-

(क) वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कामहरु प्रभावकारी रुपले गर्न गराउन,

(ख) प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धमा यस अध्यादेशमा भएको व्यवस्थाको परिपालना भए नभएको अनुगमन तथा निरीक्षण गर्न ।

(२) उपदफा (१) बमोजिमको कामका लागि मन्त्रालयले मन्त्रालय वा अन्तर्गतका कार्यालयका अधिकृत कर्मचारीलाई वातावरण निरीक्षकको काम गर्ने गरी तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कामका लागि स्थानीय तहले आफ्नो कुनै प्राविधिक अधिकृत कर्मचारीलाई वातावरण निरीक्षकको काम गर्ने गरी तोक्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम तोकिने वातावरण निरीक्षकको न्यूनतम शैक्षिक योग्यता वन वा वातावरण वा इन्जिनियरिङ विषयमा स्नातक हुनु पर्नेछ।

२२. **<u>वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकारः</u>** (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) कुनै ठाउँबाट ध्वनि, धूँवा, ताप वा फोहर मैला निष्कासन गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) प्रस्ताव कार्यान्वयन गर्ने स्वीकृति दिंदा तोकिएका शर्तहरु बमोजिम काम भए नभएको जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्दा देखिएका कुराहरुको प्रतिवेदन मन्त्रालय वा स्थानीय तह वा तोकिएको अधिकारी समक्ष पेश गर्ने,

(ङ) यस अध्यादेश अन्तर्गत पालना गर्नुपर्ने विषय वा शर्तहरु पालना गरे नगरेको अनुगमन तथा निरिक्षण गर्ने,

(च) यस अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको परिपालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कामहरु गर्ने।

(२) निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक

संयन्त्र, औजार, मेसिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ।

(३) निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकलाई सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले आवश्यक सहयोग गर्नुका साथै माग गरेको विवरण उपलब्ध गराउनु पर्नेछ।

(४) वातावरण निरीक्षकले निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा असहयोग गरेमा वा निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा वा मागेको विवरण वा जानकारी नदिएमा त्यस्ता व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले पन्ध्रहजार देखि बीसहजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम वातावरण निरीक्षकले गरेको जरिबाना उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले पैंतीस दिनभित्र देहायको निकायमा उजुरी गर्न सक्नेछ र त्यस्तो उजुरीमा देहायको निकायले गरेको निर्णय अन्तिम हुनेछ :-

(क) मन्त्रालय र मातहतका कार्यालयको वातावरण निरीक्षकले गरेको निर्णयको हकमा मन्त्रालय,

(ख) स्थानीय तहको वातावरण निरीक्षकले गरेको निर्णयको हकमा सम्बन्धित स्थानीय तह।

२३. **<u>स्थानीय प्रशासनले सहयोग गर्नु पर्नेः</u>** निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले प्रहरीको सहयोग माग गरेमा वा कसैले निरीक्षकलाई बाधा विरोध गरी बल प्रयोग गर्नु पर्ने भएमा स्थानीय

प्रशासनले निरीक्षकलाई आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-५

## वातावरण संरक्षण सम्बन्धी व्यवस्था

२४. **वातावरण संरक्षण क्षेत्र कायम गर्नेः** (१) प्रदेश सरकारले वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, सौन्दर्यपरक स्थल, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थल वा ऐतिहासिक वा सांस्कृतिक महत्वको स्थललाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ।

(२) कसैले पनि वातावरण संरक्षण क्षेत्रभित्र देहायका कुनै काम गर्न गराउन हुँदैनः-

(क) प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थितिलाई बिगार्न, नास्न, भत्काउन, हटाउन, छेक्न वा अरु कुनै किसिमले हानि नोक्सानी पुऱ्याउन,

(ख) कुनै पनि वनस्पति वा रुख काट्न, ढाल्न हटाउन, छेक्न, उखेल्न तथा वनस्पतिलाई हानि नोक्सानी हुने किसिमका काम गर्न,

(ग) जैविक विविधतालाई सञ्चालन असर पुग्ने किसिमको कुनै काम गर्न,

(घ) कुनै पनि वन्यजन्तुलाई क्षति पुऱ्याउन वा मार्न वा वन्यजन्तुको खरिद बिक्री वा व्यापार वा शिकार गर्न,

(ङ) ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरू बिगार्न, फेर्न, नास्न, हटाउन, भत्काउन वा त्यस्ता स्थलहरूमा कुनै पोष्टर वा त्यस्तै अन्य कागजात वा चित्रहरू टाँस्न वा अरु कुनै प्रकारले हानि हुने काम गर्न,

(च) कुनै नदी, खोला नाला, झरना, खहरे, पोखरी, कुण्ड, ताल वा पानीको बहाव परिवर्तन गर्न,

(छ) कुनै नदी, खोला नाला, झरना, खहरे, पोखरी, कुण्ड, ताल वा पानीको स्रोतमा विद्युतीय धार (करेन्ट) प्रयोग गर्न र वनस्पतिजन्य वा अन्य कुनै किसिमको हानिकारक पदार्थ प्रयोग गर्न,

(ज) कुनै नदी, खोला, नाला, झरना, खहरे, पोखरी, कुण्ड, तालबाट नदीजन्य पदार्थ उत्खनन वा सङ्कलन गर्न,

(झ) खानी खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, माटो, कङ्क्रिट वा अन्य पदार्थ हटाउन,

(ञ) भू-स्खलन वा भू-क्षयहुने कुनै काम गर्न गराउन,

(ट) होटल, लज, सार्वजनिक यातायात वा अन्य यस्तै किसिमका सेवाहरू सञ्चालन गर्न,

(ठ) जोखिमपूर्ण फोहर निस्कने वा वातावरणमा प्रदूषण गराउने खालका कुनै उद्योग धन्दा सञ्चालन गर्न,

(ड) वातावरण संरक्षण क्षेत्रमा लगाइएको तारबार, चिन्ह, संकेत वा अन्य कुनै चिज वस्तुहरूलाई हानि नोक्सानी पुऱ्याउन,

(ढ) मन्त्रालयबाट अधिकार प्राप्त अधिकारीको स्वीकृति बेगर वातावरण संरक्षण क्षेत्रमा प्रवेश गर्न ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएका भए तापनि मन्त्रालयको पूर्व स्वीकृति लिई वातावरण संरक्षण तथा सार्वजनिक हितका कार्य गर्न बाधा पुऱ्याएको मानिने छैन।

२५. **<u>नदी संरक्षण सम्बन्धी व्यवस्था</u>**: (१) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको बाहेक कसैले पनि नदीको वहाव परिवर्तन वा दोहन हुने गरी नदीजन्य पदार्थ उत्खनन वा सङ्कलन गर्न गराउन हुँदैन।

(२) नदीजन्य पदार्थको अत्यधिक दोहन रोक्न र अत्यधिक दोहनबाट वातावरणमा पर्नसक्ने सम्भावित जोखिम न्यूनिकरणका लागि मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै नदीको आंशिक वा सम्पूर्ण भागबाट तोकिएको अवधिभर नदीजन्य पदार्थ उत्खनन वा सङ्कलन प्रयोजनका लागि कुनै मेसिनरी औजार प्रयोग गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम रोक लगाएको नदीमा नदीजन्य पदार्थ बिक्री वितरण गर्न कसैले ठेक्का लगाएको भएमा त्यस्तो ठेक्का स्वतः रद्द हुनेछ। यसरी ठेक्का रद्द भए पछि बाँकी अवधिको कुनै पनि राजश्व ठेक्का सकारकर्तासँग दाबी गरिने छैन।

२६. **<u>संरक्षण सम्बन्धी अन्य व्यवस्थाः</u>** (१) प्रदेश सरकारले कुनै सडक, भवन, नदी व्यवस्थापन, सहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा सम्बन्धित सरोकारवाला निकायसँगको समन्वयमा कुनै क्षेत्र विशेषलाई खुला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिम कायम गरिएको खुला वा हरियाली क्षेत्रभित्र त्यस्तो क्षेत्रलाई हानि नोक्सानी हुने कुनै पनि काम गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) प्रदेश सरकारले कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भूःस्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा सम्बन्धित स्थानीय तहको परामर्शमा त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय सन्तुलन, व्यवस्थापन वा वातावरणीय पुर्नस्थापनाको लागि कुनै उपयुक्त आदेश दिन वा योजना बनाई कार्यान्वयन गर्न सक्नेछ।

(४) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै हानिकारक वा जोखिमयुक्त पदार्थ वा फोहरमैला भण्डारण वा विसर्जन गरिएको स्थान वा अन्य कारणले अत्यधिक वातावरण प्रदूषण भएको स्थानलाई प्रदूषणजन्य क्षेत्र तोकी सर्वसाधारणको आवत जावतमा रोक लगाउन सक्नेछ।

(५) उपदफा (३) र (४) बमोजिमको अवस्था कायम नरहेमा प्रदेश सरकारले त्यस्तो स्थानलाई संवेदनशील क्षेत्र वा प्रदूषणजन्य क्षेत्रको सूचीबाट हटाउन सक्नेछ।

## परिच्छेद-६

## जरिबाना र पुनरावेदन सम्बन्धी व्यवस्था

२७. **जरिबाना सम्बन्धी व्यवस्थाः** (१) कसैले वातावरणीय अध्ययन नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव वा योजना कार्यान्वयन गरेमा मन्त्रालयले त्यस्तो कार्य तुरुन्त रोकी देहाय बमोजिमको जरिबाना गर्नेछ र वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा प्रतिवेदन स्वीकृत गराउन र प्रतिवेदन विपरीतको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछः-

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रुपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा दश लाख रुपैयाँसम्म,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत

हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पचास लाख रुपैयाँसम्म।

(२) उपदफा (१) बमोजिमको आदेश पालना नभएमा मन्त्रालयले उपदफा (१) बमोजिमको जरिबानाको तेब्बर जरिबाना गरी आदेश पालना नगर्दासम्म प्रस्ताव वा आयोजना कार्यान्वयनमा रोक लगाउनेछ।

(३) कसैले वातावरण व्यवस्थापन योजनामा उल्लेखित काम नगरेमा मन्त्रालयले पचास लाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो काम नगर्दा सम्म प्रस्ताव कार्यान्वयनमा रोक लगाउन सक्नेछ।

(४) उपदफा (१) वा (२) वा (३) बमोजिको जरिबाना गर्नका लागि मन्त्रालय वा अन्तर्गतको कार्यालयको वातावरण निरीक्षकले मन्त्रालयमा र स्थानीय तह अन्तर्गतको वातावरण निरिक्षकले स्थानीय तहको कार्यपालिकाको सिफारिस साथ मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) र (३) मा उल्लेखित विषय बाहेक कसैले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतको कुनै कार्य गरेमा मन्त्रालय वा स्थानीय तहले त्यस्तो कार्य गर्न बन्देज लगाई, तीन लाख रुपैयाँसम्म जरिबाना गरी दुई महिनाभित्र यो अध्यादेश र यस अध्यादेश बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको आदेश कार्यान्वयन नगरेमा सो उपदफामा उल्लेख भएको जरिबानाको तेब्बर बराबरको रकम जरिबाना गरी यो अध्यादेश र यस अध्यादेश बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको पालना नगर्दा सम्म मन्त्रालयले वा स्थानीय तहले प्रस्ताव वा उद्योग वा व्यवसाय वा अन्य सेवा सञ्चालनमा रोक लगाउनेछ।

(७) कसैले दफा १८ को उपदफा (१) बमोजिम जारी भएको आदेश वा उपदफा (३) वा (४) बमोजिम निर्धारित मापदण्ड विपरीत काम गरेमा मन्त्रालयले तीन लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(८) कसैले मन्त्रालयको स्वीकृति विना दफा २४ को उपदफा (२) बमोजिमको काम गरेमा मन्त्रालयले तीन लाख रुपैयाँसम्म जरिबाना गरी प्रचलित कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ।

(९) कसैले दफा २५ को उपदफा (१) बमोजिमको काम गरेमा सम्बन्धित जिल्ला समन्वय समितिले दुई लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र उत्खनन वा सङ्कलन वा ढुवानीमा प्रयोग भएको मेसिनरी औजार वा सवारी साधन जफत गर्न वा सो जफत नगरी पचास हजार रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म थप जरिबाना गर्न सक्नेछ।

(१०) कसैले दफा २५ को उपदफा (२) बमोजिम सङ्कलनमा रोक लगाएको नदीबाट नदीजन्य पदार्थ सङ्कलन गरेमा

उपदफा (९) बमोजिमको जरिबानामा थप पाँच लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(११) यस दफा बमोजिम गरेको जरिबानाले प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा पुऱ्याएको मानिने छैन।

२८. **पुनरावेदनः** दफा २७ बमोजिम भएको जरिबाना उपर चित्त नबुझ्ने पक्षले स्थानीय तहबाट भएको जरिबाना उपर सम्बन्धित जिल्ला अदालतमा र प्रदेश सरकार वा प्रदेश सरकारका अन्य निकाय वा अधिकारीबाट भएको जरिबाना उपर सम्बन्धित उच्च अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

२९. **क्षतिपूर्ति भराईदिनेः** (१) कसैले प्रचलित ऐन, कानून वा यस अध्यादेश अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत प्रदूषण, ध्वनि, ताप वा हानिकारक फोहरमैला उत्सर्जन वा निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानि नोक्सानी पुग्न गएमा त्यस्तो कामबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत प्रचलित कानून बमोजिम क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर जाँचबुझ गरी क्षतिपूर्ति भराईदिने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-७
## विविध

३०. **वातावरण संरक्षण शुल्क लाग्नेः** वातावरणमा प्रदूषण फैलाउने उद्योग व्यवसाय वा फर्म वा कम्पनी वा आयोजना वा प्रदूषण

फैलाउने किसिमका वस्तुको उत्पादन तथा व्यापार व्यवसाय गर्नेले तोकिए बमोजिमको वातावरण संरक्षण शुल्क तिर्नु पर्नेछ।

३१. **सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने**: वातावरण संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रकृयालाई प्रोत्साहित गर्न प्रदेश सरकारले खास सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ।

३२. **अधिकार प्रत्यायोजन**: मन्त्रालयले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार प्रदेश सरकारको कुनै निकाय, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर दण्ड जरिबाना गर्ने अधिकार प्रत्यायोजन हुने छैन।

३३. **नियम बनाउन सक्ने**: प्रदेश सरकारले यस अध्यादेशको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।

३४. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने**: (१) प्रदेश सरकारले यस अध्यादेशको कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

(२) स्थानीय तहले यस अध्यादेश र यस अन्तर्गत बनेको नियमको कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

३५. **अनुसूचीमा हेरफेर गर्न सक्ने**: प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

३६. **प्रचलित कानून बमोजिम हुने**: यस अध्यादेशमा लेखिएको कुरामा यसै बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची -१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**संक्षिप्त वातावरणीय अध्ययन गर्नु पर्ने प्रस्तावहरु**

**(अ) वन क्षेत्रः**

(१) १० देखि ५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वेदशी बिरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने।

(२) सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका बिरुवाहरू १० हेक्टरसम्मको क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने।

(३) २० हेक्टरसम्म क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन-बीउ बगैंचा र प्राणी उद्यान (चिडियाखाना) निर्माण गर्ने।

(४) विभिन्न प्रजातिका आयातित जङ्गली जनावरहरु प्रतिस्थापना गर्ने।

(५) वन क्षेत्र, मध्यवर्ती क्षेत्र, वन संरक्षण क्षेत्र तथा संरक्षण क्षेत्रभित्र रहेका प्रत्येक नदी, खोलाबाट दैनिक ५० घनमिटरसम्म बालुवा, ढुङ्गा, ग्राभेल र माटो सङ्कलन गर्ने।

(६) १ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने।

(७) एक जिल्लाबाट वार्षिक ५ मेट्रिक टनसम्म खोटो सङ्कलन गर्ने।

(८) मध्यवर्ती क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र तथा वातावरण संरक्षण क्षेत्रमा निजी जग्गा बाहेक अन्यत्र नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहले उपभोक्ता समूह मार्फत निर्माण तथा सञ्चालन हुने आयोजना निर्माण गर्न।

(९) आनुवांशिक स्रोत माथिको पँहुच, उपयोग र लाभको बाँडफाँटसँग सम्बन्धित प्रस्ताव।

(१०) तराईमा २० हेक्टरसम्म र पहाडमा ५ हेक्टरसम्म क्षेत्रफलको व्यावसायिक वन कबुलियती वनको रूपमा दिने।

(११) सरकारद्वारा वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक १५ हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय वन सरपट कटान गर्ने।

(१२) ५ कि.मि. देखि १० कि.मि. सम्म लम्बाईको वन पथ र अग्नी रेखा निर्माण गर्ने।

**(आ) <u>स्वास्थ्य क्षेत्रः</u>**

(१) २५ शैयासम्मको अस्पताल, नर्सिङ्ग होम, पोली क्लिनिक निर्माण तथा सञ्चालन गर्न।

**(इ) <u>पर्यटन क्षेत्रः</u>**

(१) २५ शैया देखि ५० शैयासम्मको होटल निर्माण तथा सञ्चालन गर्न।

**(ई) <u>सडक क्षेत्रः</u>**

(१) १०० मीटर लम्बाईसम्मको पुल निर्माण गर्न।

(२) स्थानीय सडकहरु निर्माण गर्न।

**(उ) <u>ऊर्जा, जलस्रोत तथा सिंचाइ क्षेत्रः</u>**

(१) १०० हेक्टरसम्म लिफ्ट सिंचाइ आयोजना निर्माण गर्न।

(२) ६६ के.भी. सम्मको विद्युत प्रशारण लाइन आयोजनाका लागि वन क्षेत्र प्रयोग गर्नु पर्ने भएमा।

(३) जल तथा मौसम मापन केन्द्र र मौसमी राडार स्थापना कार्य गर्दा वन क्षेत्र प्रयोग गर्नु पर्ने भएमा।

**(ऊ) <u>आवास, भवन तथा बस्ती बिकास र सहरी विकास क्षेत्रः</u>**

(१) ७ देखि १० तल्ला वा १५.५ देखि २५ मिटरसम्मका अग्ला भवनहरु निर्माण गर्ने।

(२) ३००० देखि ५,००० वर्गमिटर क्षेत्रफल सम्मको Built Up Area वा Floor Area भएको Residential, Commercial and Their Combination को भवन निर्माण गर्ने।

(३) ५०० देखि १,००० जना सम्म एकैपटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Spot Complex निर्माण गर्ने।

(४) ५ देखि १० हेक्टरसम्मको जग्गा विकास आयोजना सञ्चालन गर्ने।

(५) ५ हेक्टरसम्म Hard Surface Pavement (Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने।

(६) ५ किलोमिटरसम्मको सहरी सडकको स्तरोन्नति गर्न।

(७) ५ हजार लिटरदेखि १० हजार लिटर सम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्न ।

(८) १०० के.जी. देखि ५०० के. जी. सम्म दैनिक फोहरमैला उत्पादन हुने भवन निर्माण तथा सञ्चालन गर्न।

**(ए) उद्योग क्षेत्रः**

(१) १० लाख रुपैया देखि ५० लाख रुपैया सम्म मेसिन उपकरणमा लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना तथा सञ्चालन गर्ने।

(२) बालुवा धुने उद्योग।

**(ऐ) अन्यः**

(१) प्रचलित संघीय वातावरण संरक्षण ऐन तथा नियमावलीले संक्षिप्त वातावरणीय अध्ययन गर्नु पर्ने भनी तोकेका यस अनुसूचीमा समावेश नभएका अन्य प्रस्तावहरु।

(२) यस अनुसूचीमा उल्लेखित भए तापनि प्रचलित संघीय वातावरण संरक्षण ऐन तथा नियमावलीमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने उल्लेख भएमा सोही बमोजिम गर्नुपर्ने छ।

अनुसूची-२

(दफा ३ को उपदफा (२) र ४ को उपदफा (९) सँग सम्बन्धित)

**प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावहरु**

**(अ) वन क्षेत्रः**

(१) तराईमा ५० देखि ५०० हेक्टरसम्म र पहाडमा ५० देखि २५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वेदशी बिरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने।

(२) सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका बिरुवाहरू तराईमा १० हेक्टरदेखि ५० हेक्टरसम्म र पहाडमा १० हेक्टरदेखि २५ हेक्टरसम्मका क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने।

(३) तराईमा २० देखि १०० हेक्टरसम्म र पहाडमा ५ देखि ५० हेक्टरसम्म क्षेत्रफलको व्यवसायिक वन कबुलियती वनको रूपमा दिने।

(४) सरकारद्वारा वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक १५ देखि ३० हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय वन सरपट कटान गर्ने।

(५) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र, संरक्षित वन तथा संरक्षण क्षेत्र र वातावरण संरक्षण क्षेत्र स्थापना गर्ने वा विस्तार गर्ने।

(६) २० हेक्टरभन्दा बढीको क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन-बीउ बगैंचा र प्राणी उद्यान (चिडियाखाना) निर्माण गर्ने।

(७) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, सिमसार क्षेत्र तथा संरक्षित जलाधार क्षेत्रको व्यवस्थापन कार्ययोजना तयार गर्ने।

(८) देहाय अनुसारको वन पैदावार सङ्कलन गर्ने गरी जिल्ला भित्रको पञ्च वर्षीय वन कार्य योजना, मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गर्ने तथा संरक्षित वनको कार्य योजना तयार गर्नेः-

(क) वार्षिक ५० मेट्रिक टनसम्म जरा तथा गानो सङ्कलन गर्ने,

(ख) वार्षिक १५० मेट्रिक टनसम्म बोक्रा सङ्कलन गर्ने,

(ग) वार्षिक १५० मेट्रिक टनसम्म पात/डाँठ सङ्कलन गर्ने, (सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक)

(घ) वार्षिक १५० मेट्रिक टनसम्म फूल र भुवा सङ्कलन गर्ने,

(ङ) वार्षिक २०० मेट्रिक टनसम्म फल र बीज सङ्कलन गर्ने,

(च) वार्षिक १५० मेट्रिक टनसम्म बिरुवा सङ्कलन गर्ने,

(छ) वार्षिक २०० मेट्रिक टनसम्म गम, रेजिन (सल्लाको खोटो बाहेक) लोहवान सङ्कलन गर्ने,

(ज) वार्षिक २ लाख घनफिट भन्दा बढी काठ उत्पादन तथा सङ्कलन गर्ने।

**स्पष्टिकरणः** माथि खण्ड (क) देखि खण्ड (छ) सम्मको परिमाण भन्नाले जिल्लाभित्रको राष्ट्रिय वन अन्तर्गत सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन व्यवस्थापनका पद्धतिहरू सञ्चालन हुने भएकोले जिल्लाको पञ्च वर्षीय वन व्यवस्थापन योजनामा सबै वन व्यवस्थापन पद्धतिहरू उल्लेख गरी सोबाट निकाल्न सकिने उल्लेखित वन पैदावारको कुल परिमाणलाई जनाउनेछ र एक जिल्लामा एकभन्दा बढी डिभिजन वन कार्यालयहरु भएकोमा कार्यालय अनुसार पञ्च वर्षीय वन व्यवस्थापन योजना तयार गर्नु पर्नेछ।

(९) सार्वजनिक बुट्यान क्षेत्रमा जडिबुटी र सुगन्धित वनस्पतिको व्यावसायिक उत्पादनको लागि जडिबुटी केन्द्र स्थापना गर्ने।

(१०) प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिहरुको हकमा एक जिल्लाबाट प्रति प्रजाति २० देखि १०० टनसम्म वन पैदावर सङ्कलन गर्ने।

(११) वन क्षेत्र भएर वहने प्रत्येक नदी, खोलाबाट दैनिक ५० घनमिटर भन्दा बढी बालुवा, ढुङ्गा, ग्राभेल र माटो सङ्कलन गर्ने। यसमा वन क्षेत्र भन्नाले सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, संरक्षित वन, मध्यवर्ती क्षेत्र, सिमसार क्षेत्र, संरक्षण क्षेत्रको वन क्षेत्रहरुलाई जनाउँछ ।

(१२) १ हेक्टर देखि ५ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने।

तर यो अध्यादेश प्रारम्भ हुनु भन्दा अघि वन क्षेत्रमा सडकको ट्याक तयार भएको हकमा उक्त सडकको स्तरोन्नत्ति गर्दा थप हुने वन क्षेत्रको क्षेत्रफल मात्र गणना गर्नु पर्नेछ ।

(१३) वन क्षेत्र, वन संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रको वन क्षेत्र, मध्यवर्ती क्षेत्रको वन क्षेत्र, सिमसार क्षेत्र र वातावरण संरक्षण क्षेत्रको वन क्षेत्रमा २५ शैयासम्मका रिसोर्ट, होटल र अस्पताल तथा शिक्षण संस्था निर्माण कार्य गर्ने।

(१४) स्वीकृत वन कार्ययोजना बमोजिम ५ हेक्टरभन्दा बढी क्षेत्रबाट कटान भएका रुखको जरा, ठुटा निकाल्ने।

(१५) बाह्य (एक्जोटिक) तथा मिचाहा (इन्भेसिभ) जङ्गली प्राणी तथा वनस्पतिको स्थापना (Introduced) लगायत जि.एम.ओ. (Genetically Modified Organism) र एल.एम.ओ. (Living Modified Organism) प्रभावित प्रजाति एवं प्रविधिको स्थापना, प्रशारण तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने।

(१६) एक जिल्लाबाट वार्षिक ५ मेट्रिक टन भन्दा बढी खोटो सङ्कलन गर्ने।

(१७) १० कि.मि. भन्दा बढी लम्बाईको वन पथ र अग्नी रेखा निर्माण गर्ने।

(आ) <u>उद्योग क्षेत्रः</u>

(१) ब्लेण्डिङ्ग प्रक्रियाबाट मदिरा उत्पादन गर्ने तथा दैनिक ५ लाख लिटरसम्म क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी तथा वाइनरी उद्योग स्थापना गर्ने।

(२) कार्बोनेटेड वा ननकार्बोनेटेड ब्रेभरेज, जुस आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(३) दैनिक १०,००० लिटर भन्दा वढी क्षमताको दूग्ध प्रशोधन (दूधको परिकार समेत) उद्योग स्थापना गर्ने ।

(४) वनस्पति घ्यू, खाने तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(५) दैनिक १ मेट्रिक टन भन्दा बढी चिया, कफी, जडिबुटी आदि प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

(६) दैनिक ३,००० मेट्रिक टनसम्म खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(७) दैनिक १० मेट्रिक टन भन्दा बढी खाद्य पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(८) दैनिक ५ मेट्रिक टन भन्दा बढी माछा, मासु प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

(९) दैनिक २५ मेट्रिक टनसम्म हाड, सिंग र खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

(१०) दैनिक १०,००० वर्ग फिटसम्म छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

(११) पाइपलाईन बाहेक व्यापारिक प्रयोजनको लागि प्रति सेकेन्ड १० लिटर भन्दा बढीको दरले पानी प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

(१२) कुकिङ्ग (एल. पी. जी.) ग्याँस, बायोग्याँस, नेचुरल ग्याँसको उत्पादन, भण्डारण, फिलिङ्ग, रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने।

(१३) कार्बन डाईअक्साईड, अक्सिजन, नाईट्रोजन, ऐसिटिलिन आदि उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने।

(१४) वार्षिक २ करोड गोटासम्म उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने।

(१५) दैनिक १०,००० भन्दा बढी Compressed Bricks, Hollow Bricks/Blocks उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(१६) दैनिक २५ मेट्रिक टनसम्म क्षमताको क्रसर उद्योग स्थापना गर्ने।

(१७) दैनिक २५ मेट्रिक टन भन्दा बढी बालुवा प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

(१८) दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको एसिड र अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(१९) Chemical (Plasticizer, Chlorine, Sodium Hypo-chloride आदि), Glue, Addesives हरु बनाउने उद्योग स्थापना गर्ने।

(२०) Zinc Oxide उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(२१) श्रृङ्गार सामान बाहेकका रङ्ग रोगन उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(२२) ब्लेण्डिङ्ग, रिप्रोसेसिङ्ग वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्टस् उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(२३) ब्लेण्डिङ्ग प्रक्रियाबाट विटुमिन तथा विटुमिन इमल्सनको उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने।

(२४) ब्लेण्डिङ्ग प्रक्रियाबाट रसायनिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(२५) दैनिक २ देखि १० मेट्रिक टनसम्म जैविक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(२६) ब्लेण्डिङ्ग प्रक्रियाबाट कीटनाशक पदार्थ (विषादी) उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(२७) Mosquito Repellent (झोल, क्वाईल, टयाबलेट, लोसन, धुप आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(२८) दैनिक ५ मेट्रिक टन भन्दा बढी डिटरजेन्ट, स्याम्पु, लिक्विड क्लिनर, क्लिनिङ्ग पाउडर, स्यानिटाईजर, फ्रेसनर आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(२९) साबुन उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(३०) व्याट्री (ड्राइ वा वेट वा लिथियम आयोन) उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(३१) दैनिक ५० मेट्रिक टनसम्म (ड्राई वा वेट) ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने।

(३२) दैनिक ५ मेट्रिक टनसम्म फोम उत्पादन उद्योग (फोमको प्रयोग गरी २ मेट्रिक टन भन्दा बढी बस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने।

(३३) परम्परागत घरेलु उद्योग बाहेकका दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने।

(३४) दैनिक १ मेट्रिक टन भन्दा बढी स्टेशनरी सामान (पेन, डटपेन, सिसाकलम, कापी रजिस्टर आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(३५) दैनिक ५ मेट्रिक टन भन्दा बढी प्याकेजिङ्ग (कोरुगेटेड बक्स, कार्डबोर्ड आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(३६) परम्परागत घरेलु उद्योग बाहेकका धागो तथा कपडा रङ्गाई वा धुलाई वा छपाई गर्ने उद्योग (गलैंचा, पस्मिना समेत) स्थापना गर्ने।

(३७) दैनिक ५ मेट्रिक टन भन्दा बढी धागो प्रयोग गरी कपडा उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(३८) स्पिनिङ्ग मिल स्थापना गर्ने।

(३९) जुट उद्योग स्थापना गर्ने।

(४०) Coir Rope वा Coir Mattress उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(४१) चुनढुङ्गा वा क्लिंकरमा आधारित दैनिक ३,००० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको क्लिंकर वा सिमेन्ट उद्योग स्थापना गर्ने।

(४२) दैनिक १,००० मेट्रिक टनसम्म चुन उत्पादन उद्योग स्थापना गर्ने।

(४३) दैनिक १० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको वा २० देखि ५० करोडसम्म मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

(४४) औषधी उद्योग स्थापना गर्ने र दैनिक ५० मेट्रिक टनसम्म औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs) संश्लेषण (Formulation) गर्ने उद्योग स्थापना गर्ने।

(४५) दैनिक ५०० किलोग्राम भन्दा बढी आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(४६) दैनिक ५ मेट्रिक टन भन्दा बढी प्लाष्टिकका सामान (पाईप, फिटिङ्ग, यार्न, Wrapper, आदि उत्पादन गर्ने सहित) उत्पादन गर्ने उद्योग (खेर गएको प्लाष्टिकको कच्चा पदार्थ वा Virgin Granuals, Resin, Compound मा आधारित) स्थापना गर्ने ।

(४७) टायर, ट्युब्स र रबर प्रशोधन तथा उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(४८) पुरानो टायर तथा प्लाष्टिक प्रशोधन गरी इन्धन (तेल) निकाल्ने उद्योग स्थापना गर्ने।

(४९) एनोडाइजिङ्ग, इलेक्ट्रोप्लेटिङ्ग तथा ग्याल्भनाइजिङ्ग गर्ने उद्योग (सुन चाँदीमा Plating गर्ने घरेलु उद्योग बाहेक) स्थापना गर्ने।

(५०) रोलिङ्ग मिल उद्योग स्थापना गर्ने

(५१) दैनिक १० मेट्रिक टन भन्दा बढी कट्टु-लेन्थ गर्ने तथा भाँडा बनाउने उद्योग स्थापना गर्ने।

(५२) दैनिक १० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको फाउण्ड्री उद्योग स्थापना गर्ने।

(५३) दैनिक ५० मेट्रिक टनसम्म प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस बस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(५४) दैनिक २०० मेट्रिक टन सम्म धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग (Alloying) गर्ने उद्योग स्थापना गर्ने।

(५५) १० मेट्रिक टन भन्दा बढी मेटल तथा नन् मेटलबाट फ्याब्रिकेशन (स्टकचर समेत) गर्ने उद्योग स्थापना गर्ने।

(५६) गाडी, मोटर साईकल, अटोरिक्सा आदि तथा दैनिक १०० थान भन्दा बढी साईकल/रिक्सा (इन्धन वा विधुत प्रयोग नगरी) एसेम्बलिङ्ग गर्ने उद्योग स्थापना गर्ने।

(५७) १ करोड रुपैया भन्दा बढीको मेसिन उपकरण प्रयोग गरी इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु एसेम्बलिङ्ग गर्ने उद्योग स्थापना गर्ने।

(५८) दैनिक १ मेट्रिक टन भन्दा बढी बिजुलीको तार (वायरिङ्ग तथा प्रसारणको लागि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(५९) ५० लाख रुपैयाभन्दा बढी मेसिन उपकरणमा लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना गर्ने।

(६०) ५ करोड रुपैया भन्दा बढी मेसिन उपकरणमा लगानी गर्ने निर्माण सम्बन्धी कार्य गर्ने उद्योगको स्टोरेज यार्ड स्थापना गर्ने।

(६१) सबै प्रकारका ग्याँस सिलिन्डर उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(६२) उद्योगले आफ्नो प्रयोगको लागि ५ मेगावाट देखि २० मेगावाटसम्म नवीकरणीय ऊर्जा प्रविधि (सौर्य, वायु, जैविक आदि) Congeneration, DG Set बाट विद्युतीय ऊर्जा उत्पादन गर्ने कार्य।

(६३) उद्योगले आफ्नो तापीय ऊर्जा प्रयोजनको लागि बायोमास, कोइलाबाट सञ्चालन हुने ग्याँसिफायर जडान गरी सञ्चालन गर्ने।

(६४) वार्षिक १० हजारदेखि १ लाख क्यूविक फिटसम्म काठ प्रयोग गर्ने स:मिल स्थापना गर्ने।

(६५) दैनिक ५०० क्यूविक फिट भन्दा बढी काठ प्रयोग गरी झ्याल ढोका लगायतका फर्निचर सामान उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(६६) रोजिन, टर्पेन्टाईन तथा कत्था उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(६७) वार्षिक १ लाख क्यूविक फिटसम्म काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाईउड, प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने।

(६८) दैनिक ५ मेट्रिक टन भन्दा बढी बाँस तथा बेतका सामानहरु उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(६९) सुर्तीजन्य पानमसलाहरु उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(७०) चुरोट तथा बिडी उत्पादन (सुर्ती ड्राइ गर्ने समेत) गर्ने उद्योग स्थापना गर्ने।

(७१) सलाई उद्योग स्थापना गर्ने।

(७२) दैनिक १० किलो लिटरभन्दा बढी बायोडिजेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(७३) Solvent Extraction प्रक्रियाबाट खाने तेल बाहेक अन्य तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(७४) Extraction, Distillation आदि प्रविधिबाट सुगन्धित तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(७५) अर्ध प्रशोधित तेल, फोसिल फ्युल प्रयोग गरी दैनिक २०० मेट्रिक टनसम्म पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(७६) दैनिक ५ लिटर भन्दा बढी Chemical तथा Reagent प्रयोग हुने Diagnosis Lab स्थापना गर्ने।

(७७) काँच प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

(७८) दैनिक १ मेट्रिक टन भन्दा बढी पशु पंक्षीको दाना उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(७९) दैनिक २०० जोरभन्दा बढी जुत्ता तथा चप्पल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(८०) १,००० मेट्रिक टन भन्दा बढी भण्डारण क्षमता भएको कोल्ड स्टोरेज स्थापना गर्ने।

(८१) दैनिक १ लाखभन्दा बढी पृष्ठ छपाई गर्ने प्रिन्टिङ्ग प्रेस सञ्चालन गर्न।

(८२) दैनिक १०० मेट्रिक टन भन्दा बढी Cargo Handling गर्ने उद्योग स्थापना गर्ने।

(८३) अस्फाल्ट ब्याचिङ्ग प्लान्ट स्थापना एवं सञ्चालन गर्ने।

(८४) माथि उल्लेखित प्रस्तावहरु एवं कम्प्यूटर, सफ्टवेयर, विद्युतीय उपकरणहरु प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, ईन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य तथा तालिम, परामर्श जस्ता कार्यहरु बाहेक रु. २५(पच्चिस) करोड देखि १(एक) अर्बसम्म मेसिन उपकरणमा लगानी हुने उद्योग।

**(इ) <u>खानी क्षेत्रः</u>**

(१) १०० जनासम्म स्थायी बसोबास स्थानान्तरण वा पुनर्वास गरी खानी उत्खनन् गर्ने।

(२) रेडियोधर्मी धातुहरुबाहेक अन्य धातुहरु उत्पादन गर्न गरिने भूमिगत उत्खनन भए दैनिक १००० टनसम्म र सतही उत्खनन भए दैनिक २००० टनसम्म उत्खनन्को कार्य गर्ने।

(३) अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन भए दैनिक २००० टनसम्म र सतही उत्खनन भए दैनिक ४,८०० मेट्रिक टनसम्म उत्खनन्को कार्य गर्ने।

(४) डेकोरेटिभ ढुङ्गा (Marble, Granite, Amphibolite / Polished Stone) सङ्कलन तथा उत्पादन गर्ने।

(५) साधारण निर्माणमुखी ढुङ्गा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटाको उत्खनन्को लागि दैनिक ५०० क्यु. मि. सम्म उत्खनन्को कार्य गर्ने।

(६) कोइला तथा मट्टीकोइला उत्पादन गर्न गरिने भूमिगत उत्खनन भए दैनिक १००० टन र सतही उत्खनन भए दैनिक २००० टनसम्म उत्खनन्को कार्य गर्ने ।

(७) दैनिक २ लाख घनमिटर सम्म प्राकृतिक ग्याँस (Natural Gas) उत्पादन कार्य गर्ने।

**(ई) <u>सडक क्षेत्रः</u>**

(१) २५ कि. मि. भन्दा कम लम्बाई हुने कुनै पनि नयाँ सडकहरु निर्माण गर्ने।

(२) ५ देखि ५० कि. मि. सम्मको रज्जुमार्ग निर्माण गर्ने।

(३) १ देखि ५ कि. मि. सम्मको केबुल कार मार्ग निर्माण गर्ने।

(४) १०० मिटरभन्दा बढी लम्बाईका पुलहरू निर्माण गर्ने।

(५) राष्ट्रिय राजमार्ग तथा सहायक सडकहरूको स्तरवृद्धि, पुनर्स्थापना तथा पुनः निर्माण गर्ने।

(६) ५ कि. मि. सम्मका सडक प्रयोजनको लागि सुरुङहरू बनाउने।

(७) ५ कि. मि. सम्मका नयाँ सहरी सडक निर्माण गर्ने।

**(उ) <u>आवास, भवन तथा बस्ती विकास र सहरी विकास क्षेत्रः</u>**

(१) ५,००० वर्गमिटर क्षेत्रफलभन्दा माथि १०,००० वर्गमिटर क्षेत्रफलसम्मको Built Up Area वा Floor Area भएको

Residential, Commercial and Their Combination को भवन निर्माण गर्ने।

(२) १,००० देखि २,००० जनासम्म एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Spot Complex निर्माण गर्ने।

(३) १ हेक्टरदेखि ५ हेक्टरसम्मको क्षेत्रमा आवास विकास गर्ने।

(४) १० हेक्टरदेखि १०० हेक्टरसम्मको जग्गा विकास आयोजना सञ्चालन गर्ने।

(५) ५ हेक्टरभन्दा माथि Hard Surface Pavement (Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने।

(६) २०,००० क्यू. मिटरभन्दा माथि माटो पुर्ने तथा माटो काटी Site Develop गर्ने।

(७) १० तल्ला वा २५ मिटरभन्दा माथि १६ तल्ला वा ५० मिटरसम्मका भवनहरु निर्माण गर्ने।

(८) १० हजार लिटर देखि २० हजार लिटर सम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्न।

(९) ५०० के. जी. देखि १ हजार के. जी. सम्म दैनिक फोहर मैला उत्पादन हुने भवन निर्माण तथा सञ्चालन गर्न।

**(ऊ) <u>जलस्रोत र ऊर्जा क्षेत्रः</u>**

(१) विधुत लाईन निर्माण अन्तर्गतः-

(क) १३२ के.भी. वा सोभन्दा बढी क्षमताको विधुत प्रसारण लाइन निर्माण गर्ने।

(ख) विद्यमान २२० के.भी. वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइनबाट ट्याप गरी नयाँ आउटडोर सवस्टेशन निर्माण गर्ने।

(२) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विधुत प्रशारण लाइन निर्माण गर्दा जतिसुकै वन क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा

मध्यवर्ती क्षेत्र उपयोग गर्नु पर्ने भए तापनि प्रारम्भिक वातावरणीय परीक्षण मात्र पर्याप्त हुनेछ ।

(३) विधुत उत्पादन अन्तर्गतः-

(क) १ मेगावाट देखि ५० मेगावाट क्षमता सम्मको जलविधुत उत्पादन आयोजना निर्माण गर्ने।

(ख) १ मेगावाट देखि ५ मेगावाट क्षमता सम्मको खनिज तेल वा ग्याँसबाट विधुत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ग) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि १० मेगावाटसम्मको जलविधुत आयोजना निर्माण गर्दा वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्र उपयोग गर्नु पर्ने भए प्रारम्भिक वातावरणीय परीक्षण मात्र पर्याप्त हुनेछ।

(घ) १५०० क्यूबिक मिटर भन्दा बढी क्षमताको बायो ग्याँस प्लान्ट निर्माण गर्न।

(४) सिँचाइको नयाँ प्रणाली अन्तर्गतः-

(क) तराई र भित्री मधेशमा २०० हेक्टरदेखि २,००० हेक्टरसम्मको क्षेत्र सिँचाइ गर्ने।

(ख) पहाडी उपत्यका र टारमा २५ देखि ५०० हेक्टरसम्मको क्षेत्र सिँचाइ गर्ने ।

(ग) पहाडी भिरालो पाखा र पर्वतीय क्षेत्रमा २५ देखि २०० हेक्टरसम्मको क्षेत्र सिँचाइ गर्ने।

(५) सिँचाइको पुनरुत्थान प्रणाली अन्तर्गतः-

(क) विद्यमान प्रणाली अन्तर्गतका सिँचाइ आयोजनाहरुमा नयाँ हेडवर्क्स निर्माण वा मूल नहर परिवर्तन हुने कुनै पनि पुनरुत्थान आयोजना सञ्चालन गर्ने।

(६) २५ जनादेखि १०० जनासम्म स्थायी बसोबास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य।

(७) १० कि.मी. भन्दा बढी लम्बाईको नदी नियन्त्रणको कार्य गर्ने।

(८) नवीकरणीय ऊर्जा क्षेत्रः-

(क) १ मेगावाट देखि १० मेगावाट क्षमता सम्मको सौर्य ऊर्जाबाट विधुत उत्पादन आयोजना सञ्चालन गर्ने।

(ख) मेगावाट देखि १० मेगावाट क्षमतासम्मको वायु ऊर्जाबाट विधुत उत्पादन आयोजना सञ्चालन गर्ने।

(ग) ०.५ मेगावाटदेखि २ मेगावाट क्षमतासम्मको जैविक ऊर्जाबाट विधुत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(घ) चिनी उद्योग क्षेत्रभित्रको उखु पेलिसकेपछि निस्किने खोस्टा (Bagasse) बाट विधुत सह-उत्पादन (Cogeneration) हुने आयोजना सञ्चालन गर्न।

**(ए) पर्यटन क्षेत्रः**

(१) ५० शैयादेखि १०० शैयासम्मको होटल स्थापना र सञ्चालन गर्ने।

(२) विद्यमान विमानस्थलको क्षेत्रफल थप्ने।

(३) माछा वा अन्य जलचर भएको कुनै नदी वा तालमा इञ्जिन जडित उपकरण र इन्धन ज्वलन गरी र्‍याफ्टिङ्ग कार्य सञ्चालन गर्ने।

(४) तालमा स्थापना हुने हाउस बोट (तैरने घर) सञ्चालन गर्ने।

**(ऐ) खानेपानी क्षेत्रः**

(१) १०० देखि ५०० हेक्टरसम्मको क्षेत्रमा फैलिएको वर्षातको पानी सङ्कलन गर्ने तथा सोही क्षेत्रफलमा भएका पानीका स्रोतहरूको प्रयोग गर्ने।

(२) सेफ इल्ड १०० लिटर प्रति सेकेन्ड (LPS) भन्दा बढीको पानीको स्रोत र पानीको ५० देखि ७५ प्रतिशतसम्म सुख्खा समयमा आपूर्ति गर्ने।

(३) प्रति सेकेण्ड १०० लिटर भन्दा बढीको दरले पानी प्रशोधन गर्ने।

(४) भूमिगत पानीको स्रोत विकासका लागि कुल एक्यूफरको ५० देखि ७५ प्रतिशतसम्म रिचार्ज गर्ने।

(५) १ देखि ५ किलोमिटर सम्मको सुरुङ निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने।

(६) खानेपानी आयोजना सञ्चालन गर्नको लागि २५ देखि १०० जनासम्म जनसंख्या विस्थापन गर्ने।

(७) पानीको स्रोतको माथिल्लो भागमा ५०० जना जनसंख्यासम्मको बसोबास गराउने।

(८) पचास हजारदेखि एक लाख सम्मको जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने।

(९) पचास हजारदेखि दुई लाखसम्म मानिसहरूलाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने।

(१०) १ किलोमिटर भन्दा बढीको डाईभर्सन सम्बन्धी काम गर्ने।

(११) ट्रिटमेन्ट सहितको ढल निकास सिष्टम समावेश भएका खानेपानी आयोजना सञ्चालन गर्ने।

**(ओ) <u>फोहर मैला व्यवस्थापन क्षेत्रः</u>**

(१) घर एवं आवास क्षेत्रहरूबाट निस्कने फोहरमैलाको सम्बन्धमा देहायको काम गर्नेः-

(क) वार्षिक १,००० देखि ५,००० टनसम्म फोहरमैला जमिनमा भर्ने।

(ख) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम।

(ग) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहरमैला छनौट, केलाउने, तह लगाउने र पुनः प्रयोग गर्ने।

(घ) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको कम्पोष्ट प्लाण्ट सम्बन्धी काम गर्ने।

(ङ) ५ एम. एल. डी. (MLD) क्षमताभन्दा बढीको ढल व्यवस्थापन आयोजना सञ्चालन गर्ने।

(च) ५०,००० जना सम्मका जनसंख्यालाई टेवा पुऱ्याउने उद्देश्यले सञ्चालन हुने ढल निकास, सरसफाइ र फोहरमैला व्यवस्थापन कार्य गर्ने।

**(औ) कृषि क्षेत्रः**

(१) पहाडमा १ हेक्टरसम्म र तराईमा ५ हेक्टरसम्म राष्ट्रिय वन फडानी गरी कृषिको लागि प्रयोग गर्ने।

(२) निर्माण सम्बन्धी देहायको काम गर्नेः-

(क) ३०,००० वटाभन्दा बढी पंक्षी जाति पाल्नको लागि निर्माण कार्य गर्ने।

(ख) १,००० वटा भन्दा बढी ठूला चौपायाहरू पाल्नको लागि निर्माण कार्य गर्ने।

(ग) ५००० वटाभन्दा बढी साना चौपायाहरू (भेडा, बाख्रा) पाल्नको लागि निर्माण कार्य गर्ने।

(घ) महानगरपालिका र उपमहानगरपालिका क्षेत्र अन्तर्गत तराईमा १ हेक्टरभन्दा बढी तथा अन्य ठाउँमा ०.५ हेक्टरभन्दा बढी क्षेत्रमा कृषि थोक बजार स्थापना गर्ने।

(ङ) इजाजत प्राप्त बधशाला निर्माण गर्ने।

(३) म्याद नाघेका विषादीको (सूचित विषादीहरूको हकमा मात्र) भण्डारण तथा विसर्जन गर्ने।

(४) रासायनिक मल (इनअर्गानिक फर्टिलाईजर) र रासायनिक विषादी (इनअर्गानिक पेष्टिसाइट) उत्पादन, संश्लेषण (फर्मूलेशन), रिप्याकेजिङ, भण्डारण तथा डिस्पोजल गर्ने।

(५) केमिकल फर्टिलाईजर (ब्लेण्डिङ्ग) तथा कीटनाशक औषधी (ब्लेण्डिङ्ग) उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

**(अं) <u>स्वास्थ्य क्षेत्रः</u>**

(१) २५ देखि १०० शैयासम्मको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय (अध्ययन अध्यापन समेत) सञ्चालन गर्ने ।

**(अः) <u>अन्यः</u>**

(१) माथि खण्ड (अ) देखि खण्ड (अं) सम्म उल्लेखित र सोभन्दा कमस्तरका प्रस्तावहरु तथा अनुसूची-३ मा उल्लेखित प्रस्तावहरूभन्दा कमस्तरका प्रस्तावहरू बाहेक दश करोडदेखि चालीस करोड रूपैयाँसम्म लागत लाग्ने कुनै विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोग परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने।

(२) प्रचलित संघीय वातावरण संरक्षण ऐन तथा नियमावलीले प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने भनी तोकेका यस अनुसूचीमा समावेश नभएका अन्य प्रस्तावहरु।

(३) यस अनुसूचीमा उल्लेखित भए तापनि प्रचलित संघीय वातावरण संरक्षण ऐन तथा नियमावलीमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने उल्लेख भएमा सोही बमोजिम गर्नुपर्ने छ।

अनुसूची-३

(दफा ३ को उपदफा (३) र दफा (४) को उपदफा (८) सँग सम्बन्धित)

**वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावहरु**

**(अ) वन क्षेत्रः**

(१) तराईमा ५०० हेक्टरभन्दा बढी र पहाडमा २५० हेक्टरभन्दा बढीको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी बिरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने।

(२) सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका बिरुवाहरू तराईमा ५० हेक्टरभन्दा बढी र पहाडमा २५ हेक्टरभन्दा बढी क्षेत्रफलमा वृक्षारोपण गर्ने।

(३) तराईमा १०० हेक्टरभन्दा बढी र पहाडमा ५० हेक्टरभन्दा बढी क्षेत्रफलको वन व्यावसायीक कबुलियती वनको रूपमा दिने।

(४) सरकारद्वारा वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक ३० हेक्टरभन्दा बढीका राष्ट्रिय वन सरपट कटान गर्ने।

(५) वन क्षेत्रमा फोहर मैला फाल्न ल्यान्डफिल साइट निर्माण तथा सञ्चालन गर्ने।

(६) वन क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्रको वन क्षेत्र, सिमसार क्षेत्र र वातावरण संरक्षण क्षेत्रमा २५ शैया भन्दा बढीका होटल, रिसोर्ट र अस्पताल निर्माण, उद्योग स्थापना गर्ने कार्य गर्ने।

(७) देहाय अनुसारको वन पैदावार सङ्कलन गर्ने गरी जिल्लाभित्रको पञ्च वर्षीय वन कार्य योजना, मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गर्ने तथा संरक्षित वनको कार्ययोजना तयार गर्ने :-

(क) ५० मेट्रिक टन भन्दा बढी जरा तथा गानो सङ्कलन गर्ने,

(ख) १५० मेट्रिक टन भन्दा बढी बोक्रा सङ्कलन गर्ने,

(ग) १५० मेट्रिक टन भन्दा बढी पात/डाँठ सङ्कलन गर्ने, (सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक)

(घ) १५० मेट्रिक टन भन्दा बढी फूल र भुवा सङ्कलन गर्ने,

(ङ) २०० मेट्रिक टन भन्दा बढी फल र बीज सङ्कलन गर्ने,

(च) १५० मेट्रिक टन भन्दा बढी बिरुवा सङ्कलन गर्ने,

(छ) २०० मेट्रिक टन भन्दा बढी गम, रेजिन (सल्लाको खोटो बाहेक) लोहवान सङ्कलन गर्ने।

**स्पष्टिकरणः** माथि खण्ड (क) देखि खण्ड (छ) सम्मको परिमाण भन्नाले जिल्लाभित्रको राष्ट्रिय वन अन्तर्गत सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन व्यवस्थापनका पद्धतिहरू सञ्चालन हुने भएकोले जिल्लाको पञ्च वर्षीय वन व्यवस्थापन योजनामा सबै वन व्यवस्थापन पद्धतिहरू उल्लेख गरी सोबाट निकाल्न सकिने उल्लेखित वन पैदावारको कुल परिमाणलाई जनाउने छ।एक जिल्लामा एकभन्दा बढी डिभिजन वन कार्यालयहरु भएकोमा कार्यालय अनुसार पञ्च वर्षीय वन व्यवस्थापन योजना तयार गर्नु पर्नेछ।

(८) प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिहरुको हकमा एक जिल्लाबाट प्रति प्रजाति १०० टन भन्दा बढी वन पैदावार सङ्कलन गर्ने।

(९) ५ हेक्टरभन्दा बढी वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने।

(आ) **उद्योग क्षेत्र:**

(१) दैनिक ५  लाख लिटर भन्दा बढी क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी तथा वाइनरी उद्योग स्थापना गर्ने।

(२) दैनिक ३००० मेट्रिक टन भन्दा बढी खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(३) दैनिक २५ मेट्रिक टन भन्दा बढी हाड, सिंग र खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

(४) दैनिक १५००० वर्गफिट भन्दा बढी छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

(५) वार्षिक २ करोड गोटा भन्दा बढी उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने।

(६) दैनिक १०० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको एसिड र अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(७) ब्लेण्डिङ्ग प्रक्रिया बाहेकबाट विटुमिन तथा विटुमिन इमल्सनको उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(८) ब्लेण्डिङ्ग प्रक्रिया बाहेकबाट रसायनिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(९) दैनिक १० मेट्रिक टन भन्दा बढी जैविक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(१०) ब्लेण्डिङ्ग प्रक्रिया बाहेकबाट कीटनाशक पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(११) दैनिक ५० मेट्रिक टन (ड्राई वा वेट) भन्दा बढी ब्याट्री रिसाइक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने।

(१२) दैनिक ५ मेट्रिक टन भन्दा बढी फोम उत्पादन उद्योग (फोमको प्रयोग गरी बस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने।

(१३) दैनिक १०० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने।

(१४) चुनढुङ्गा वा क्लिंकरमा आधारित दैनिक ३००० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको क्लिंकर वा सिमेन्ट उद्योग स्थापना गर्ने।

(१५) दैनिक १००० मेट्रिक टन भन्दा बढी चुन उत्पादन उद्योग स्थापना गर्ने।

(१६) ५० करोड रुपैयाँ भन्दा बढी मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

(१७) दैनिक ५० मेट्रिक टन भन्दा बढी औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs) संश्लेषण (Formulation) गर्ने उद्योग स्थापना गर्ने।

(१८) दैनिक ५० मेट्रिक टन भन्दा बढी प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस बस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(१९) दैनिक २०० मेट्रिक टन भन्दा बढी धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग (Alloying) गर्ने उद्योग स्थापना गर्ने।

(२०) उद्योगले आफ्नो प्रयोगको लागि ५ मेगावाट देखि २० मेगावाट भन्दा बढी नवीकरणीय ऊर्जा प्रविधि (सौर्य, वायु, जैविक आदि) Congeneration, DG Set बाट विद्युतीय ऊर्जा उत्पादन गर्ने कार्य गर्ने।

(२१) वार्षिक १ लाख क्यूविक फिटभन्दा बढी काठ प्रयोग गर्ने सःमिल स्थापना गर्ने।

(२२) वार्षिक १ लाख क्यूविक फिटभन्दा बढी काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाईउड, प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने।

(२३) अर्ध प्रशोधित तेल, फोसिल फ्यूल प्रयोग गरी दैनिक २०० मेट्रिक टन भन्दा बढी पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(२४) अति घातक पदार्थ जस्तैः आइसोनाइट, मर्करी कम्पाउण्ड उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(२५) माथि उल्लेखित प्रस्तावहरु एवं कम्प्यूटर, सफ्टवेयर, विद्युतीय उपकरणहरु प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, इन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य तथा तालिम, परामर्श जस्ता कार्यहरु बाहेक रु.१(एक) अर्बभन्दा बढी मेसिन उपकरणमा लगानी हुने उद्योग।

(२६) रेडियो विकिरण निष्कासन हुने (न्यूक्लियर/एटोमिक प्रशोधन) उद्योग स्थापना गर्ने।

(२७) नेपाली सेना वा नेपाल प्रहरीले स्थापना वा उत्पादन गर्ने बाहेकका गोली, गट्ठा, बारुद लगायतका बिस्फोटक पदार्थ उत्पादन गर्ने।

(२८) पेट्रोलियम पाईपलाईन निर्माण गर्ने।

(२९) दैनिक २५ मेट्रिक टन भन्दा बढी क्षमताको क्रसर उद्योग स्थापना गर्ने।

**(इ) खानी क्षेत्रः**

(१) खानी उत्खनन गर्नको लागि १०० जनाभन्दा बढी जनसंख्याको स्थायी बसोबास, स्थानान्तरण वा पुनर्वास गर्ने ।

(२) खानी उत्खनन कार्यको लागिः-

(क) सबै रेडियोधर्मी धातुहरुको उत्पादन गर्न उत्खनन कार्य गर्ने।

(ख) अन्य धातुहरु उत्पादन गर्न भूमिगत उत्खनन भए दैनिक १००० टन भन्दा बढी र सतही उत्खनन भए दैनिक २०० टन भन्दा बढी उत्खनन्को कार्य गर्ने।

(ग) अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन भए दैनिक २००० मेट्रिक टन भन्दा बढी र सतही उत्खनन भए दैनिक ४,८०० मेट्रिक टन भन्दा बढी उत्खननको कार्य गर्ने।

(घ) साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल र औद्योगिक माटोको उत्खनन्का लागि दैनिक ५०० क्यु.मी. भन्दा बढी उत्खनन कार्य गर्ने।

(ङ) कोईला तथा मट्टिकोईला उत्पादन गर्न गरिने भूमिगत उत्खनन भए दैनिक १००० टन भन्दा बढी र सतही उत्खनन भए दैनिक २००० टन भन्दा बढी उत्खनन कार्य गर्ने।

(च) दैनिक २ लाख घनमिटरभन्दा बढी प्राकृतिक ग्याँस (Biogenic Natural Gas) उत्पादन कार्य गर्ने।

(छ) पेट्रोलियम पदार्थको उत्खनन र प्रशोधन सम्बन्धी कार्य गर्ने।

(ज) नदी नाला सतहबाट दैनिक ३०० घनमिटर भन्दा बढी बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने।

**(ई) <u>सडक क्षेत्र</u>:**

(१) २५ किलोमिटर भन्दा बढी लम्बाई हुने कुनै पनि नयाँ सडकहरु निर्माण गर्ने।

(२) ५० किलोमिटर भन्दा लामो रज्जुमार्ग निर्माण गर्ने।

(३) ५ किलोमिटर भन्दा लामो केबुल कार मार्ग निर्माण गर्ने।

(४) ५ किलोमिटर भन्दा लामो सडक प्रयोजनको लागि सुरुङहरू बनाउने।

(५) सार्वजनिक यातायातको लागि रेलमार्ग तथा मोनोरेलमार्ग निर्माण तथा सञ्चालन गर्न।

(६) ५ कि. मि. भन्दा बढी लम्बाईको नयाँ सहरी सडक निर्माण गर्ने।

**(उ) आवास, भवन तथा बस्ती विकास र सहरी विकास क्षेत्रः**

(१) १०,००० वर्गमिटर क्षेत्रफलभन्दा माथिको Built Up Area वा Floor Area भएको Residential, Commercial and Their Combination को भवन निर्माण गर्ने।

(२) २,००० वा सो भन्दा बढी जनाभन्दा बढी एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, Community Hall, Stadium, Concert Hall, Spot Complex निर्माण गर्ने।

(३) ५ हेक्टरभन्दा बढी क्षेत्रमा आवास विकास गर्ने।

(४) १०० हेक्टरभन्दा माथिको जग्गा विकास आयोजना सञ्चालन गर्ने।

(५) १६ तल्ला वा ५० मिटर भन्दा माथिका भवनहरु निर्माण गर्ने।

(६) २० हजार लिटर भन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने।

(७) १ हजार के. जी. भन्दा बढी दैनिक फोहर मैला उत्पादन हुने भवन निर्माण तथा सञ्चालन गर्ने।

**(ऊ) जलस्रोत र ऊर्जा क्षेत्रः**

(१) ५० मेगावाटभन्दा बढी क्षमताको जलविधुत उत्पादन आयोजना निर्माण गर्ने।

(२) विधुत उत्पादन अन्तर्गतः-

(क) १ मेगावाटभन्दा बढीको कोइला वा आणविक विधुत उत्पादन आयोजना सञ्चालन गर्ने।

(ख) ५ मेगावाटभन्दा बढीको खनिज तेल वा ग्याँसबाट विधुत उत्पादन आयोजना सञ्चालन गर्ने।

(३) सिंचाइको नयाँ प्रणाली अन्तर्गतः-

(क) तराई र भित्री मधेशमा २,००० हेक्टरभन्दा बढीको क्षेत्र सिंचाइ गर्ने।

(ख) पहाडी उपत्यका र टारमा ५०० हेक्टरभन्दा बढीको क्षेत्र सिंचाइ गर्ने।

(ग) पहाडी भिरालो पाखा र पर्वतीय क्षेत्रमा २०० हेक्टर भन्दा बढी क्षेत्र सिंचाइ गर्ने।

(४) एकसय जनाभन्दा बढी स्थायी बसोबास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने।

(५) बहुउद्देश्यीय जलाशयको निर्माण गर्ने।

(६) एउटा जलाधार क्षेत्रबाट अर्को जलाधार क्षेत्रमा पानी फर्काई (इन्टर बेसिन वाटर ट्रान्सफर) उपयोग गर्ने।

(७) नवीकरणीय ऊर्जा क्षेत्रः-

(क) १० मेगा वाट भन्दा बढी क्षमताको सौर्य ऊर्जाबाट विधुत उत्पादन आयोजना सञ्चालन गर्ने।

(ख) १० मेगा वाट भन्दा बढी क्षमताको वायु ऊर्जाबाट विधुत उत्पादन आयोजना सञ्चालन गर्ने।

(ग) २ मेगा वाट भन्दा बढी क्षमताको जैविक ऊर्जाबाट विधुत उत्पादन आयोजना सञ्चालन गर्ने।

**(ए) <u>पर्यटन क्षेत्रः</u>**

(१) १०० शैया भन्दा बढीको होटल निर्माण, स्थापना र सञ्चालन गर्ने।

(२) नयाँ विमानस्थल निर्माण गर्ने।

**(ऐ) <u>खानेपानी क्षेत्रः</u>**

(१) ५०० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको वर्षातको पानी सङ्कलन गर्ने तथा सोही क्षेत्रफलमा भएको पानीका स्रोतहरुको प्रयोग गर्ने।

(२) सेफ इल्ड १०० एल. पि. एस. (LPS) भन्दा बढी सतही पानीको स्रोत र सो पानीको ७५ प्रतिशत भन्दा बढी सुख्खा समयमा आपूर्ति गर्ने।

(३) भूमिगत पानीको स्रोत विकासका लागि कुल एक्यूफरको ७५ प्रतिशत भन्दा बढी रिचार्ज गर्ने।

(४) खानेपानी आयोजना सञ्चालन गर्नको लागि १०० जनाभन्दा बढी जनसंख्या विस्थापित गर्ने।

(५) पानीको स्रोतको माथिल्लो भागमा ५०० जनाभन्दा बढीको जनसंख्या बसोबास गराउने।

(६) दुई लाख भन्दा बढी जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने।

(७) दुई लाख भन्दा बढी मानिसहरूलाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने।

(८) जैविक एवं रासायनिक प्रदूषणहरू हुने स्रोतहरू वा तिनबाट प्रभावित हुन सक्ने भूमिगत जलस्रोतको उपयोग गर्ने।

(९) प्रति सेकेण्ड ५०० लिटरभन्दा बढी पानीको स्रोत उपयोग गर्ने खानेपानी स्रोत सम्बन्धी बहुउद्देश्यीय आयोजना सञ्चालन गर्ने।

(१०) ५ किलोमिटर भन्दा बढीको सुरुङ्ग निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने।

(११) सार्वजनिक खानीपानीका आपूर्तिका मुख्य स्रोतहरुमा कार्यान्वयन गरिने कुनै प्रस्ताव।

**(ओ) <u>फोहरमैला व्यवस्थापन क्षेत्रः</u>**

(१) ५०,००० भन्दा बढी जनसंख्यालाई टेवा पुऱ्याउने उद्देश्यले सञ्चालन हुने ढल निकास, सरसफाइ र फोहरमैला व्यवस्थापन कार्य गर्ने।

(२) घर एवं आवास क्षेत्रहरूबाट निस्कने फोहरमैलाको सम्बन्धमा देहायको काम गर्नेः-

(क) वार्षिक ५,००० टन भन्दा बढी फोहरमैला जमिनमा भर्ने।

(ख) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने।

(ग) १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहरमैला छनौट, केलाउने, तह लाउने र पुनः प्रयोग गर्ने।

(घ) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको कम्पोष्ट प्लान्ट सम्बन्धी काम गर्ने।

(ङ) कम्तीमा १०,००० जनसंख्या भएको सहरी क्षेत्रबाट निस्कने फोहरमैला गाड्ने काम गर्ने।

(३) देहायको प्रकृति र जुनसुकै स्तरका खतरापूर्ण फोहरमैला सम्बन्धी देहायका निर्माण सम्बन्धी काम गर्नेः-

(क) फोहरमैला संयन्त्र निर्माण।

(ख) फोहरमैला रिकोभरी प्लान्ट निर्माण।

(ग) फोहरमैला भर्ने, थुपार्ने वा गाड्ने ठाउँको निर्माण।

(घ) फोहरमैला भण्डारण गर्ने ठाउँको निर्माण।

(ङ) फोहरमैला ट्रिटमेण्ट सुविधाको निर्माण।

(४) घातक फोहर पदार्थ सम्बन्धी देहायका काम गर्नेः-

(क) २५ वर्षभन्दा बढी आधा आयु भएको कुनै पनि रेडियोधर्मी वस्तुहरूको निष्कासन र व्यवस्थापन गर्ने।

(ख) पचास लेथल डोज भएको कुनै पनि रेडियोधर्मी वस्तुहरुको निष्कासन र व्यवस्थापन गर्ने।

(ग) कम्तीमा २५ शैया भएको स्वास्थ्य केन्द्र वा अस्पताल वा नर्सिङ्ग होमबाट निस्कने जैविक जोखिपूर्ण पदार्थहरूको अन्तिम निष्कासन व्यवस्थापन गर्ने।

(घ) कुनै पनि हानिकारक पदार्थलाई भष्म वा पुनःप्रयोग गर्नको लागि १ हेक्टर वा सोभन्दा बढी क्षेत्रफल जमिन र ऊर्जा सम्बन्धी कुनै काम गर्ने।

**(औ) कृषि क्षेत्रः**

(१) पहाडमा १ हेक्टर भन्दा बढी र तराईमा ५ हेक्टर भन्दा बढी सरकारी वन फडानी गरी कृषिको लागि प्रयोग गर्ने।

(२) कृषियोग्य भूमिमा सहरीकरण गर्ने।

(३) जीवनाशक विषादी (सूचित विषादीहरुको हकमा मात्र) प्लाण्ट स्थापना गर्ने।

**(अं) स्वास्थ्य क्षेत्रः**

(१) १०० शैयाभन्दा बढीको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय (अध्ययन/अध्यापन समेत) सञ्चालन गर्ने।

**(अः) देहायको क्षेत्रमा कुनै प्रस्ताव कार्यान्वयन गर्ने भएमाः**

(१) ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र

(२) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा रामसारमा सूचिकृत सिमसार क्षेत्र ।

तर यी क्षेत्रबाट भएर बग्ने नदी नालाको सहतबाट व्यवसायिक प्रयोजन बाहेक आयोजना सञ्चालक आफैंले सञ्चालन गर्ने विकास निर्माणका लागि आवश्यक पर्ने रोडा, ढुङ्गा, गिट्टी, बालुवा, गिर्खा, माटो निकाल्ने प्रस्तावको हकमा भने अनुसूचि-१ र अनुसूची-२ मा भएको व्यवस्था लागू हुने।

**(अः१) अन्यः**

(१) माथि खण्ड (अ) देखि खण्ड (अः) सम्म उल्लेखित र सोभन्दा वढीस्तरका प्रस्तावहरु तथा अनुसूची-२ मा उल्लेखित र सो भन्दा कमस्तरका प्रस्तावहरू बाहेक चालीस करोड रूपैयाँभन्दा बढी लागत लाग्ने कुनै विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोग परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने।

(२) प्रचलित संघीय वातावरण संरक्षण ऐन तथा नियमावलीले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने भनी तोकेका तर यस अनुसूचीमा समावेश नभएका अन्य प्रस्तावहरु।

अनुसूची-४

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू**

(१) प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

(२) प्रस्तावको सारांशः

(३) प्रतिवेदनमा रहनु पर्ने विषयहरूः

(क) प्रस्तावको उद्देश्य,

(ख) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण,

(ग) प्रस्ताव तयारीमा तथ्याङ्क सङ्कलन र विश्लेषणको विधि,

(घ) प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने अनुकुल प्रभाव,

(ङ) प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने सञ्चालन प्रभाव,

(च) अन्य आवश्यक कुराहरू,

(छ) वातावरणीय व्यवस्थापन योजनाको खाका,

(ज) यस्तो योजना खाका देहाय बमोजिम रहनेछः-

| **विषयगत क्षेत्र** | **सकारात्मक प्रभावको वढोत्तरीका क्रियाकलापहरू** | **के के गर्ने** | **कसरी गर्ने** | **कहिले गर्ने** | **कस्ले गर्ने** | **अनुमानित जनशक्ति, वजेट, समय** | **अनुगमन तथा मूल्याङ्कन** |
|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | |
| सांस्कृतिक क्षेत्र | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अन्य | | | | | | | |
| **विषयगत क्षेत्र** | **नकारात्मक प्रभावको न्यूनीकरणका कृयाकलापहरू** | **के के गर्ने** | **कसरी गर्ने** | **कहिले गर्ने** | **कस्ले गर्ने** | **अनुमानित जनशक्ति, वजेट, समय** | **अनुगमन तथा मूल्याङ्कन** |
| भौतिक क्षेत्र | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | |
| सांस्कृतिक क्षेत्र | | | | | | | |
| अन्य | | | | | | | |

यस्तो वातावरणीय व्यवस्थापन योजनाको प्रस्ताव आयोजनाको निर्माण तथा सञ्चालन चरणका लागि अलग अलग रुपमा उल्लेख गर्नु पर्नेछ ।

(झ) सन्दर्भ सामग्रीहरु

<u>**द्रष्टव्यः-**</u> प्रतिवेदन तयार गर्दा आवश्यकतानुसार तथ्याङ्क, नक्सा, चित्र, तालिका, चार्ट, ग्राफ आदि संलग्न गर्नु पर्नेछ।

अनुसूची-५

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू</u>**

(१) प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना,

(२) प्रस्तावको सारांशः (प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरू संक्षेपमा उल्लेख गर्ने)

(क) प्रस्तावको उद्देश्य,

(ख) भू-उपयोगमा पर्ने असर,

(ग) वातावरणमा पर्ने सञ्चालन प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप,

(घ) स्थानीय चीज वस्तुमा हुने क्षति,

(ङ) अन्य आवश्यक कुराहरू।

(३) प्रस्तावको सम्बन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्नेः-

(क) प्रस्तावको किसिम

१. प्रशोधन गर्ने,

२. उत्पादन गर्ने,

३. जडान गर्ने,

४. सर्भिस डेलिभरी,

५. अन्य।

(ख) डेलिभरी गर्ने भए के कस्तो वस्तु डेलिभरी गर्ने।

(ग) प्रस्तावको,

१. जडान क्षमता,

२. प्रतिदिन वा वर्ष कति घण्टा सञ्चालन हुने।

(घ) प्रयोग गरिने सामग्री (परिमाण र वर्ष उल्लेख गर्ने)

(ङ) प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुने (कति समय सञ्चालन हुँदा कति परिमाणमा निष्कासन हुने हो) खुलाउनु पर्ने।

१. ठोस,

२. तरल,

३. हावा,
४. ग्याँस,
५. ध्वनि,
६. धुलो,
७. अन्य।

(च) प्रयोग हुने ऊर्जाको,
१. किसिम,
२. स्रोत,
३. खपत हुने परिमाण (प्रतिघण्टा, दिन र वर्षमा)।

(छ) जनशक्तिको आवश्यकता कति पर्ने।

(ज) प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने,
१. कुल पूँजी,
२. चालू पूँजी,
३. जमिनको क्षेत्रफल,
४. भवन र तिनका किसिम,
५. मेसिनरी औजार,
६. अन्य।

(झ) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरणः-
१. नक्सा,
२. सो क्षेत्र र वरिपरिको जनसंख्या र बसोबासको स्थिति,
३. प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आसपासमा कुनै संवेदनशील चिज वा वस्तु रहेको भए त्यस्ता चिज वा वस्तुको विवरण,
४. हालको स्थिति,
५. पानीको स्रोत,
६. फोहरमैला फ्याँक्ने वा प्रशोधन गर्ने व्यवस्था,

७. प्रस्ताव कार्यान्वयन हुने ठाउँमा आवात जावत गर्ने बाटो।

(४) उत्पादन प्रक्रिया।

(५) प्रविधिको विवरण।

(६) अन्य आवश्यक कुराहरू।

(७) प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरूः-

(क) सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव

१. मानव स्वास्थ्यमा पर्ने प्रभाव,

२. खेती योग्य जमिनको क्षय,

३. वन जंगलको क्षय,

४. सामाजिक, साँस्कृतिक र धार्मिक मूल्य मान्यतामा हुने परिवर्तन,

५. अन्य।

(ख) जैविक प्रभावहरू,

१. जनसंख्या,

२. वनस्पति तथा जीवजन्तु,

३. प्राकृतिक वासस्थान र समुदाय।

(ग) भौतिक प्रभावहरू,

१. जमिन,

२. वायुमण्डल,

३. पानी,

४. ध्वनि,

५. मानव निर्मित वस्तुहरू,

६. अन्य।

(८) प्रभाव कार्यान्वयनका विकल्पहरूः-

(क) डिजाइन,

(ख) आयोजना स्थल,

(ग) प्रक्रिया, समय-तालिका,

(घ) प्रयोग हुने कच्चा पदार्थ,

(ङ) अन्य कुराहरू।

(९) वातावरणीय व्यवस्थापन योजनाको खाकाः

(क) योजनाको खाका देहाय बमोजिम रहनेछः-

| **विषयगत क्षेत्र** | **सकारात्मक प्रभावको वढोत्तरीका क्रियाकलापहरू** | **के के गर्ने** | **कसरी गर्ने** | **कहिले गर्ने** | **कस्ले गर्ने** | **अनुमानित जनशक्ति, वजेट, समय** | **अनुगमन तथा मूल्याङ्कन** |
|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | |
| सांस्कृतिक क्षेत्र | | | | | | | |
| अन्य | | | | | | | |
| **विषयगत क्षेत्र** | **नकारात्मक प्रभावको न्यूनीकरणका कृयाकलापहरू** | **के के गर्ने** | **कसरी गर्ने** | **कहिले गर्ने** | **कस्ले गर्ने** | **अनुमानित जनशक्ति, वजेट, समय** | **अनुगमन तथा मूल्याङ्कन** |
| भौतिक क्षेत्र | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | |
| सांस्कृतिक क्षेत्र | | | | | | | |
| अन्य | | | | | | | |

यस्तो वातावरणीय व्यवस्थापन योजनाको प्रस्ताव आयोजनाको निर्माण तथा सञ्चालन चरणका लागि अलग अलग रुपमा उल्लेख गर्नु पर्नेछ ।

(१०) अन्य आवश्यक कुराहरू

**<u>द्रष्टव्य</u>:-** प्रतिवेदन तयार गर्दा आवश्यकतानुसार तथ्याङ्क, नक्सा, चित्र, तालिका, चार्ट, ग्राफ आदि संलग्न गर्नु पर्ने छ।

अनुसूची-६

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू**

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको ढाँचा

प्रस्तावको शीर्षक, प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना (प्रतिवेदनको शुरुमा नै उक्त प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना (टेलिफोन, फ्याक्स र इमेल आदि सहित) उल्लेख गरी प्रतिवेदनको शुरु पृष्ठमा निम्न ढाँचामा प्रस्तुत गर्न सकिने छ)

.......... (प्रस्तावको नाम) ............... को

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

.........................................................

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

मार्फतः

सम्बन्धित निकायको नाम र ठेगाना

प्रतिवेदन पेश गर्ने निकायको नाम र ठेगानाः

................ (महिना, वर्ष)............

प्रतिवेदनको कार्यकारी सारांशः वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका हरेक अध्यायका मुख्य मुख्य कुराहरु समावेश गरी मुख्य पाठको यथेष्ट जानकारी दिने गरी सरल भाषामा प्रतिवेदनको पूर्ण पाठको सारांश नेपाली र अंग्रेजी भाषामा एकरुपता हुने गरी लेख्नु पर्नेछ। (५पृष्ठसम्म)

प्रतिवेदनमा प्रयोग गरिएका छोटकरी शब्दहरु (Acronyms and Abbreviations): प्रतिवेदनमा प्रयोग भएका छोटो रुपका शब्दहरु र तिनको पूर्णरुप यहाँ लेख्नु पर्नेछ। (पृष्ठ आवश्यकता अनुसार)

विषय सूचीः प्रतिवेदन मा उल्लेख गरिए अनुसारका अध्यायहरु र ती अध्याय अन्तर्गतका शीर्षक तथा उपशीर्षकहरु पृष्ठ सङ्ख्या सहित लेख्नु पर्नेछ।यसो गर्दा

प्रतिवेदन पढ्ने जो कोहिले पनि प्रतिवेदनको पूर्ण पाठले समावेश गरेका कुराहरु एक साथ सजिलै हेर्न सक्नेछ । (पृष्ठ आवश्यकता अनुसार)

**अध्याय १ (बढीमा २ पृष्ठ)**

१. प्रतिवेदन तयार गर्ने व्यक्तिको वा संस्थाको नाम र ठेगाना:

(क) प्रस्तावकको पुरा नाम, ठेगाना, इमेल र फोन नं सहित,

(ख) परामर्शदाताको पुरा नाम, ठेगाना, इमेल र फोन नं सहित (परामर्शदाता नियुक्त गरिएको अवस्थामा मात्र लागू हुने),

(ग) प्रभाव मूल्याङ्कनको औचित्य,

(घ) वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य (आधा पृष्ठ),

(ङ) अध्ययनको सीमा तथा सम्बन्धित अन्य कुराहरुः वातावरणीय मूल्याङ्कन आयोजनाको तहमा गरिने स्थान विशेषको अध्ययन भएको र कुनै पनि आयोजनाको क्षेत्र सीमित हुने भएकाले यस प्रकारको अध्ययनको सीमितता हुन्छ।

**अध्याय २ (बढीमा ७ पृष्ठ)**

२. प्रस्तावको **परिचयः** प्रतिवेदनको पहिलो अध्यायको रुपमा प्रस्तावसँग सम्बन्धित र स्थलगत रुपमा जानकारी दिने विविध प्रकारका सूचना समावेश गरी देहायका शीर्षक र उपशीर्षक अन्तर्गत रही यो अध्याय तयार गर्न सकिने छ।

(क) भूमिका: भूमिका विषय प्रवेश भएकाले प्रस्तावको बारेमा स्पष्ट जानकारी हुने गरी यस प्रकारको प्रस्तावको पृष्ठभूमि लगायत प्रस्ताव कार्यान्वयनको उद्देश्य, आवश्यकता तथा औचित्यता आदि कुराहरुलाई यस उप-शीर्षक अन्तर्गत उल्लेख गर्नु पर्नेछ।

(ख) प्रस्तावको विवरण: आयोजना (प्रस्ताव) को अवस्थिति, पहुँच, प्रस्तावका संरचनागत अवयवहरु, निर्माण तथा सञ्चालन चरणका क्रियाकलापहरु, आयोजनाका लागि आवश्यक निर्माण सामग्री, ऊर्जा इन्धन आपूर्ति, कच्चा पदार्थ, जनशक्ति, जग्गा, निर्माण

तालिका र आयोजनाका सहायक संचनाहरु जस्तै निर्माण सिविर आदि।

(ग) प्रस्तावको उद्देश्यः

## अध्याय ३ (बढीमा १० पृष्ठ)

३. **प्रतिवेदन तयार गर्दा अपनाइएको विधिः** प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत अध्ययन गर्दा वा अन्य सन्दर्भ सामग्री सङ्कलन/अध्ययन गर्दा कुन-कुन तरिका अपनाई वातावरणका विविध पक्ष (भौतिक, रासायनिक, भौगोलिक, जैविक, सामाजिक-आर्थिक एवं सांस्कृतिक) मा तथ्याङ्क सकंलन गरिएको हो, सबै विधिहरु निम्नानुसार वर्गीकरण गरी प्रस्तुत प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ।

(क) सम्बन्धित प्रकाशित वा अप्रकाशित सामग्री/प्रतिवेदनको पुनरावलोकन,

(ख) प्रस्तावको प्रभाव क्षेत्र निर्धारण (प्रत्यक्ष र अप्रत्यक्ष),

(ग) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको अध्ययन तथा विश्लेषण,

(घ) चेकलिष्ट/म्याष्ट्रिक्स तथा प्रश्नावलीको निर्माण गरी आवश्यक तथ्याङ्क संकलन,

(ङ) स्थलगत अध्ययनः आयोजना क्षेत्रको अवलोकन तथा फोटो खिच्ने, नमुना सङ्कलन गर्ने, चेकलिष्ट तथा प्रश्नावली भर्ने आदि,

(च) संकलित नमुना (माटो, पानी आदि) को प्रयोगशालामा विश्लेषण,

(छ) प्राप्त तथ्याङ्कहरुको विश्लेषण,

(ज) प्रभावको पहिचान, आंकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन गर्दा अपनाइएको विधिः,

(झ) मस्यौदा प्रतिवेदनको तयारी,

(ञ) सार्वाजनिक परामर्श, छलफल, अन्तरक्रिया र सुनुवाई आदि,

(ट) सार्वजनिक सूचना तथा सूचना संप्रेषण र सुझाव संकलन,

(ठ) सुझाव समावेश गरी अन्तिम प्रतिवेदनको तयारी।

## अध्याय ४ (बढीमा १५ पृष्ठ)

४. **प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्डः** कुनै पनि क्षेत्रको प्रस्ताव कार्यान्वयन गर्दा आकर्षित (आयोजनालाई अवरोध हुने) हुने वा हुन सक्ने नीति, कार्यनीति, कानून, मापदण्ड तथा पुनरावलोकन र कार्यान्वयन हुने प्रस्तावको सन्दर्भमा उपर्युक्त संरचनाहरुको सान्दर्भिकता उल्लेख गर्नु उपयुक्त हुनेछ। प्रस्तावको क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत हुँदा उक्त कार्यसूचीमा कानूनी संरचनाहरु उल्लेख हुने हुनाले तिनलाई निम्नानुसार वर्गीकरण गरी विश्लेषण गर्न सकिनेछ ।

(क) संविधान,

(ख) आवधिक योजना, नीति तथा रणनीति/कार्यनीतिहरुः नेपाल सरकार, प्रदेश सरकारले तय गरेका सम्बन्धित क्षेत्रका नीति तथा रणनीतिहरु र कार्यान्वयन हुने प्रस्तावसँग यस्ता नीति तथा रणनीतिको सम्बन्ध (सकारात्मक वा नकारात्मक) स्पष्ट खुलाउनु उपयुक्त हुनेछ।

(ग) ऐन तथा नियमावलीः कुनै पनि क्षेत्रको प्रस्तावसँग प्रत्यक्ष सरोकार राख्ने वातावरणसँग सम्बन्धित राष्ट्रिय कानूनहरु र नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय कानूनहरु यदि आकर्षित हुने भए त्यस्ता कानूनहरु कुन हदसम्म आकर्षित हुनेछन् भनी प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ। साथै, प्रस्तावको कार्यान्वयनमा यस्ता कानूनहरु बाधक हुने वा नहुने तथा प्रस्ताव कार्यान्वयन हुन सक्ने वा नसक्ने बारेमा स्पष्ट खुलाउनु पर्नेछ।

(घ) मापदण्ड, निर्देशिका तथा दिग्दर्शनः कुनै पनि क्षेत्रको प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौतिक-रासायनिक वातावरण (जस्तैः- पानी, हावा, ध्वनि आदि) सँग सम्बन्धित मापदण्डहरु प्रतिवेदनमा समावेश गर्नु पर्दछ ताकी प्रस्ताव कार्यान्वयन अघि र कार्यान्वयन निर्माण तथा सञ्चालन) को क्रममा वातावरणका यी अवयवहरुको गुणमा हुन सक्ने परिवर्तन तथा तिनको न्यूनीकरणको उपायहरु शुरुमै चयन गर्न सकिनेछ। प्रस्तावसँग

सम्बन्धित निर्देशिका तथा दिग्दर्शनहरु पनि पर्याप्त मात्रामा पुनरावलोकन गरी प्रतिवेदनमा प्रस्तुत गर्नु पर्दछ। यस्तो पुनरावलोकनले प्रतिवेदन तयार गर्न मार्गदर्शन पनि गर्नेछ।

(ङ) अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुः

| | प्रस्तावको कार्यान्वयन गर्दा आकर्षित हुने धारा/दफा/ नियम/ खण्ड आदि र सम्बन्धित बुँदा |
|---|---|
| संबिधान | |
| नीति | |
| रणनीति | |
| ऐन | |
| नियमावली | |
| निर्देशिका | |
| मापदण्ड | |
| महासन्धि, अभिसन्धि, | |

## अध्याय ५ (बढीमा २० पृष्ठ)

**५. विद्यमान वातावरणीय अवस्थाः** कुनै पनि प्रस्ताव कार्यान्वयन गर्दा आयोजना प्रभावित क्षेत्रको वातावरणका अवयवहरु (भौतिक, रासायनिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण) मा प्रभाव पर्न सक्ने भएको हुँदा आयोजना प्रभावित क्षेत्रको विद्यमान वातावरणीय अवस्था स्पष्ट हुने आधार र परिमाणात्मक तथ्याङ्क सङ्कलन गरी प्रस्तुत गर्नु पर्दछ।

यस अन्तर्गत आयोजना प्रभावित जिल्ला (आवश्यकतानुसार), नगरपालिका र गाँउपालिका, वडा र आयोजना प्रभावित स्थलको तथ्याङ्क सङ्कलन गर्नु पर्नेछ।

५.१. भौतिक वातावरणः

क्षेत्र निर्धारण प्रतिवेदनको विद्यमान वातावरणीय अवस्थाको ढाँचाको तालिकामा उल्लिखित भौतिक वातावरणका

विवरणहरुको तथ्याङ्क सङ्कलन गरी विस्तृत रुपमा व्याख्या गर्नपर्नेछ

(क) भू-उपयोग

| भू-उपयोगको किसिम | ओगटेको क्षेत्र | ओगटेको क्षेत्र प्रतिशतमा |
|---|---|---|
| | | |

(ख) भूगर्भः

| आयोजनाको क्षेत्र | विद्यमान भौगर्भिक जोखिम | कैफियत |
|---|---|---|
| | | |

(ग) जल तथा मौसमः

| | परिमाण र एकाइ | कैफियत |
|---|---|---|
| औसत वायु तापक्रम | | |
| वार्षिक औसत अधिकतम तापक्रम | | |
| वार्षिक औसत न्यूनतम तापक्रम | | |
| औसत वर्षा | | |
| आयोजना क्षेत्रका मुख्य नदीहरु | | |
| औसत बहाव | | |
| अधिकतम बहाव | | |
| आयोजना क्षेत्रको हावापानी | | |

(घ) वायु जल तथा ध्वनिको गुणः

| | सूचकहरु | आधारभूत मान |
|---|---|---|
| वायुको अवस्था | पि एम १० | |
| | पि एम २५ | |
| | कार्बन मोनोअक्साइड | |
| पिउने पानीको अवस्था | टि एस एस | |
| | घुलित अक्सिजन | |
| | कन्डक्टिभिटी | |
| | कुल नाइट्रेट | |

| | | |
|---|---|---|
| जमिन र नदीको पानीको अवस्था | टि एस एस | |
| | घुलित अक्सिजन | |
| | कन्डक्टिभिटी | |
| | कुल नाइट्रेट | |
| | | |
| | | |
| ध्वनिको अवस्था | वरिपरिको ध्वनिको परिमाण | |
| | Equivalent Noise Level | |
| | | |

५.२. <u>जैविक वातावरणः</u>

(क) <u>आयोजना क्षेत्रको वन सम्पदाको सूची</u>

| वनको नाम | वनको किसिम | आयोजना क्षेत्रबाट दूरी |
|---|---|---|
| | | |
| | | |
| | | |

(ख) <u>वनस्पतिको सूचीः</u>

| स्थानीय नाम | वैज्ञानिक नाम | परिवार | CITES | IUCN | नेपाल सरकार |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(ग) <u>प्रमुख गैह्र काष्ठ बनस्पतिहरुः</u>

| स्थानीय नाम | वैज्ञानिक नाम | उपयोग |
|---|---|---|
| | | |
| | | |
| | | |

(घ) वन्यजन्तुको सूची:

| स्थानीय नाम | वैज्ञानिक नाम | परिवार | CITES | IUCN | नेपाल सरकार |
|---|---|---|---|---|---|
| स्तनधारी | | | | | |
| | | | | | |
| चराचुरुंगी | | | | | |
| | | | | | |
| सरीसृप | | | | | |
| | | | | | |
| माछा | | | | | |
| | | | | | |

५.३. सामाजिक-आर्थिक र सांस्कृतिक वातावरण:

| | |
|---|---|
| वस्तीको नाम | |
| आयोजनास्थलसँगको दूरी | |
| स्थानीय तह र वडा | |
| जम्मा घरधुरी | |
| औसत घरधुरी संख्या | |
| महिला पुरुष अनुपात | |
| जाति र धार्मिक सम्प्रदाय | |
| धार्मिक स्थलहरु | |
| सांस्कृतिक रीतिरिवाजहरु | |
| शैक्षिक स्तर (प्रतिशत)<br>प्रवेशिका<br>स्नातक<br>स्नातकोत्तर | |
| शैक्षिक संस्थाहरु | |

| | |
|---|---|
| प्राथमिक<br>निम्न माध्यमिक<br>उच्च माध्यमिक<br>कलेज एवं विश्वविद्यालय | |
| स्वास्थ्य र सफाइको अवस्था<br>स्थानीय रुपमा देखिने रोगहरु<br>स्वाथ्य संस्थाहरु | |
| रोजगारी (प्रतिशत) एवं आयस्तर | |
| सीमान्तकृत समूह | |
| उद्योग र यसका किसिमहरु | |
| पूर्वाधारहरु | |
| सडक र यसका किसिम | |
| जग्गा जमिनको मूल्य | |
| सार्वजनिक सुविधाहरु | |
| वसाईंसराईको स्थिति | |
| बजार र यसको स्थिति | |
| संभाव्य विकास केन्द्रहरु | |
| धार्मिक स्थलहरु | |
| भौतिक र जैविक वातावरण सम्बन्धी फिल्ड सर्भे कम्तीमा Seasons समावेश भएको हुनुपर्नेछ | |

## अध्याय ६ (बढीमा १५ पृष्ठ)

६. **प्रस्तावको विकल्प विश्लेषण:** वातावरणीय मूल्याङ्कन प्रक्रियाले प्रस्तावको विकल्पको खोजी गर्दा प्रस्तावको कार्यान्वयन बाहेक अरु विकल्प नै नभएको स्थितिमा पनि प्रस्ताव कार्यान्वयन गर्ने अवधारणाभित्र रही विकल्पहरुको अध्ययन गरी प्रस्ताव गर्नु पर्नेछ र प्रस्तावित विकल्पहरुको

कार्यान्वयनबाट वातावरणमा पर्ने अनुकुल र सञ्चालन प्रभावहरुको तुलनात्मक आंकलन गर्नुपर्दछ।

| विकल्पहरु | अनुकुल वातावरणीय प्रभाव | सञ्चालन वातावरणीय प्रभाव |
|---|---|---|
| **विकल्प १** | | |
| डिजाइन | | |
| आयोजना स्थल | | |
| भू-वनौट | | |
| अपनाईने प्रविधि | | |
| सञ्चालन विधि | | |
| समय तालिका | | |
| कच्चा पदार्थ | | |
| वन तथा सरकारी जग्गाको प्रयोग | | |
| सञ्चालन असरहरु | | |
| **विकल्प २** | | |
| डिजाइन | | |
| आयोजना स्थल | | |
| भू-वनौट | | |
| अपनाईने प्रविधि | | |
| सञ्चालन विधि | | |
| समय तालिका | | |
| कच्चा पदार्थ | | |
| वन तथा सरकारी जग्गाको प्रयोग | | |
| सञ्चालन असरहरु | | |
| **विकल्प ३** | | |
| डिजाइन | | |

| | | |
|---|---|---|
| आयोजना स्थल | | |
| भू-वनौट | | |
| अपनाईने प्रविधि | | |
| सञ्चालन विधि | | |
| समय तालिका | | |
| कच्चा पदार्थ | | |
| वन तथा सरकारी जग्गाको प्रयोग | | |
| सञ्चालन असरहरु | | |

## अध्याय ७ (बढीमा २० पृष्ठ)

७. **प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरु तथा संरक्षणका उपायहरुः** प्रस्ताव कार्यान्वय गर्दा वातावरणमा पर्ने प्रभावहरुलाई निम्नानुसार वर्गीकरण गरी प्रभावको पहिचान, आंकलन तथा तिनको उल्लेखनीयता स्पष्ट प्रस्तुत गर्नु पर्दछः-

**प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव**

भौतिक प्रभावहरु

| | पर्ने प्रभावहरु | तह निर्धारण परिमाण, सीमा, समयावधि, प्रत्यक्ष, अप्रत्यक्ष (reversible/irreversible) |
|---|---|---|
| १. जमिन | | |
| २. वायु मण्डल | | |
| ३. पानी | | |
| ४. ध्वनि | | |
| ५. मानव निर्मित बस्तुहरु | | |

| | | |
|---|---|---|
| ६. अन्य | | |

जैविक प्रभावहरु

| | | |
|---|---|---|
| १. वन/जंगलको क्षय | | |
| २. वनस्पति | | |
| ३. जीवजन्तु | | |
| ४. प्राकृतिक वासस्थान | | |

सामाजिक-आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने प्रभावहरु

| | | |
|---|---|---|
| १. जनसंख्या | | |
| २. समुदाय | | |
| ३. खेती योग्य जमिनको क्षय | | |
| ४. मानव स्वास्थ्यमा पर्ने प्रभाव | | |
| ५. सामाजिक मूल्य मान्यतामा हुने परिवर्तन | | |
| ६. आर्थिक प्रभाव | | |
| ७. धार्मिक र सांस्कृतिक प्रभाव | | |
| ८. अन्य | | |

यसरी प्रस्तुत गर्दा सञ्चालन प्रभावको साथै अनुकुल प्रभावलाई पनि उल्लेख गर्नु पर्दछ र सञ्चालन प्रभावलाई न्यून गर्ने तर्फ बढी ध्यान दिनु पर्छ । यसरी सञ्चालन तथा अनुकुल प्रभावहरुको मूल्याङ्कन गर्दा प्रस्तावको कार्यान्वयन गर्दा हुन सक्ने फाइदा वेफाइदा बारे अधिकतम जानकारी प्राप्त हुनेछ। स्वीकृत कार्यसूचीको आधारमा अध्ययन गरिएको विद्यमान वातावरणीय अवस्थामा प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने प्रभावहरुको अवधि, प्रकार र संवेदनशीलता सहिरुपमा

प्रस्तुत गर्नु पर्दछ। यसैगरी प्रत्यक्ष वा अप्रत्यक्ष, संरक्षण उपायबाट हटाउन वा घटाउन सकिने वा नसकिने खालमा प्रभाव पहिचान एवं आँकलन गरी प्रतिवेदनमा यस्ता प्रभावको उल्लेखनीयता स्पष्ट उल्लेख गर्नु पर्दछ।

## अध्याय ८ (बढीमा १० पृष्ठ)

८. **अनुकुल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा सञ्चालन प्रभाव न्यून गर्ने उपायहरुः** कुनै पनि प्रस्तावमा सकारात्मक तथा अनुकुल प्रभावलाई अधिकतम गर्न कस्ता वातावरण संरक्षणका कार्यहरु अवलम्बन गर्नु पर्दछ। ती अधिकतम गर्ने उपायहरु प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ।

कुनै पनि क्षेत्रको प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने सञ्चालन प्रभावलाई हटाउन वा न्यून गर्न विशेष ध्यान दिनु पर्ने भएकाले पहिचान तथा आंकलन गरिएका सञ्चालन प्रभावहरुलाई प्रतिवेदनमा छोटकरीमा तर प्रष्ट हुने गरी उल्लेख गर्नु पर्दछ। उल्लेख्य सञ्चालन प्रभावहरुलाई हटाउने वा न्यून गर्ने उपायहरुलाई ३ प्रकार (क्षतिपूर्ति, सुधारात्मक वा प्रतिरोधात्मक) ले वर्गीकरण गरी उल्लेख गर्नु पर्दछ। न्यूनीकरणका उपायहरु भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणका क्षेत्रमा प्रस्तावको निर्माण तथा सञ्चालन अवस्थाको लागि भनी वर्गीकरण गरी न्यूनीकरणका लागि जिम्मेवारी समेत किटान गरी प्रतिवेदनमा निम्नानुसारको म्याट्रिक्समा प्रस्तुत गर्न सकिनेछ। उल्लेख्य सञ्चालन प्रभावहरुलाई हटाउने वा न्यून गर्ने उपायहरुलाई ३ प्रकारले वर्गीकरण गर्न सकिनेछ।

८.१. क्षतिपूर्तिका उपायहरुको अवलम्बन (Compensatory Measures): कम गर्न वा हटाउन नसकिने खालका सञ्चालन प्रभावहरुको क्षतिपूर्तिका उपायहरुमा विशेष गरी देहायका क्रियाकलापहरु समावेश हुनुपर्छः-

(१) क्षतिग्रस्त प्राकृतिक स्रोतहरुको पुर्नस्थापना,

(२) हटाइने वस्तीहरुको पुनर्वास,

(३)प्रभावित व्यक्तिलाई क्षतिपूर्ति।

८.२. सुधारात्मक उपायहरुको अवलम्बन (Corrective measure): सञ्चालन प्रभावहरुलाई कम गरेर स्वीकारयोग्य तहसम्म ल्याउनका लागि सुधारात्मक उपायहरु प्रयोग गर्नु पर्दछ।प्रस्ताव कार्यान्वयन गर्दा अपनाउनु पर्ने सुधारात्मक उपायहरु निम्न बमोजिम छन:-

(१)प्रदूषण नियन्त्रण उपकरणहरुको जडान,

(२)प्रदूषित पानी उपचार गर्ने संयन्त्रको निर्माण,

(३)बाँध तथा तटवन्धमा माछाहरु आवातजावत गर्न सक्ने बाटो (Fish ladder) को निर्माण।

८.३. प्रतिरोधात्मक उपायहरुको अवलम्बन (Preventive measures): निम्नलिखित प्रतिरोधात्मक उपायहरुको अवलम्बनद्वारा केही गम्भीर खालका प्रभावहरुलाई त्यस्ता प्रभावहरु देखा पर्न थाल्नु अगाडि नै कम गर्न वा निर्मूल गर्न सकिन्छ ।

(१)स्वास्थ्य शिक्षा कार्यक्रमको कार्यान्वयन,

(२)जनचेतना कार्यक्रमको थालनी,

(३)सामाजिक सहयोग अभिवृद्धिकरणका उपायहरु।

उपरोक्त संरक्षणका उपायहरु भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणका क्षेत्रमा प्रस्तावको निर्माण तथा सञ्चालन अवस्थाको लागि भनी वर्गीकरण गर्नु पर्दछ।यसो गर्दा प्रस्तावको कुन कुन अवस्थामा यी उपायहरु अवलम्बन गरिनु पर्ने हो भन्ने कुरा सजिलोसँग थाहा पाउन सकिन्छ। यी संरक्षणका उपायहरुलाई कार्यान्वयन गर्ने (प्रस्तावक) को जिम्मेवारी समेत किटान गरी प्रतिवेदनमा निम्नानुसारको म्याट्रिक्समा प्रस्तुत गर्न सकिनेछ ।

तालिका: वातावरणीय प्रभावका तह निर्धारण र न्यूनीकरणका उपायहरु

प्रस्तावबाट वातावरणमा पर्न सक्ने प्रभावको परिमाण, सीमा र समयावधि (उच्च/वृहत-६०, मध्यम-२०, निम्न-१०), सीमा (क्षेत्रीय-६०, स्थानीय-२०, स्थलगत-१०) र अवधि (दीर्घकालीन-२०, मध्यम-१०, अल्पकालीन-५) किटान गर्नु पर्दछ।

| प्रस्तावका कार्यहरु | वातावरणीय प्रभाव | प्रभावको तह निर्धारण | | | | | | | | न्यूनीकरणका उपायहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष | अनुकुल | सञ्चालन | परिमाण | सीमा | अवधि | जम्मा अंकमान | |
| निर्माण अवधि | | | | | | | | | | |
| भौतिक वातावरण | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| जैविक वातावरण | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| सामाजिक आर्थिक तथा सांकृतिक वातावरण | | | | | | | | | | |
| १ | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सञ्चालन अवधि | | | | | | | | | | |
| भौतिक वातावरण | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| जैविक वातावरण | | | | | | | | | | |
| १ | | | | | | | | | | |
| सामाजिक आर्थिक तथा सांकृतिक वातावरण | | | | | | | | | | |
| १ | | | | | | | | | | |

सञ्चालन प्रभावको स्तर अनुसार तय गरिएको अंकमान जोडी हरेक प्रभावको कुल अंकमान लेख्नुपर्नेछ ।

<u>तालिका: अनुकुल प्रभाव अधिकतम तथा सञ्चालन प्रभाव न्युनतम गर्ने उपायको कार्यान्वयन तथा लाग्ने अनुमानित रकम र कार्यान्वयनको जिम्मेवारी</u>

| वातातवरण संरक्षणका उपायहरु | कार्यन्वन हुने स्थान | कार्यन्वन हुने समय | अनुमानित रकम | कार्यन्वनको जिम्मेवारी |
|---|---|---|---|---|
| अनुकुल प्रभावहरु | | | | |
| १. | | | | |

| | | | | |
|---|---|---|---|---|
| सञ्चालन प्रभावहरु | | | | |
| १. | | | | |

## अध्याय ९ (बढीमा १० पृष्ठ)

९. **वातावरणीय अनुगमनः** कुनै पनि प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रभावहरुको अनुगमन निम्न उद्देश्य प्राप्तिका लागि गरिन्छः-

(क) कानूनले तोकेका सीमाभन्दा बढी मात्रामा प्रभाव पर्न नदिन,

(ख) वातावरणीय प्रभाव कम गर्न अपानाइएका उपायहरु वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए अनुसार कार्यान्वयन भएका छन् कि छैनन् भन्ने कुरा जाँच्न,

(ग) सम्भावित वातावरणीय क्षतिबारे समयमै सचेत गराउन,

(घ) पहिचान गरिएका तथा आंकलित प्रभाव वास्तविकतासँग कति नजिक छन् भन्ने जानकारी लिन।

९.१ अनुगमनका प्रकारहरुः

वातावरणीय प्रभावको अनुगमन देहायको अवस्थामा निम्न प्रकारले गर्नु पर्दछ।

१. प्रारम्भिक अवस्थाको अनुगमन (Baseline Monitoring): प्रस्तावित प्रस्तावको निर्माण कार्य शुरु गर्नुभन्दा अगावै निर्माण स्थल र वरपरका आधारभूत वातावरणीय पक्षहरुको सर्वेक्षण गरिनु पर्दछ।यसले गर्दा अनुगमनको सिलसिलामा प्रारम्भिक अवस्थाको तुलनामा वातावरणीय पक्षहरुमा भएको परिवर्तन वारेमा थाहा पाउन सकिन्छ।

२. प्रभाव अनुगमन (Impact Monitoring): प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तनहरु पत्ता लगाउन आयोजना निर्माण र सञ्चालनका

क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य लगायत पर्यावरणीय, सामाजिक र आर्थिक अवस्थाका सूचकहरुको मूल्याङ्कन गर्नुपर्दछ ।

३. नियमपालन अनुगमन (Compliance Monitoring): यस अन्तर्गत प्रस्तावकले वातावरण संरक्षण सम्बन्धी निर्धारित मापदण्डहरुको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तरका विशेष सूचकहरु वा प्रदूषणको अवस्था वारेमा आवधिक वा लगातार रुपमा अनुगमन गरी अभिलेख राख्नु पर्दछ।

९.२. वातावरणीय अनुगमनका सूचकहरु (Indicators): प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आधारभूत तथ्याङ्क, पहिचान तथा आंकलन गरिएका अनुकुल वा सञ्चालन प्रभाव एवं वातावरण संरक्षणका उपायहरुलाई ध्यान दिई प्रस्तावकले पालना गर्नुपर्ने र वातावरणीय प्रभावको प्रभावकारिताको अनुगमन गर्न सूचकहरु प्रतिवेदनमा उल्लेख गर्नुपर्दछ।जस्तैः कृषि क्षेत्रको प्रस्ताव कार्यान्वयन गर्दा प्रस्तावबाट जैविक विविधता, माटोको गुण, भूक्षयको मात्रा, जनस्वास्थ्य आदिमा प्रभाव पर्न सक्ने हुँदा यस्तो पक्षलाई सम्वोधन गर्ने गरी अनुगमनका सूचकहरु छनौट गरी प्रतिवेदनमा समावेश गर्नुपर्दछ।

९.३. अनुगमनको विधिः उल्लेखित अनुगमनका प्रत्येक सूचकलाई कुन विधि/तरिकाबाट अनुगमन गर्ने हो प्रतिवेदनमा खुलाउनु आवश्यक हुनेछ।यस्ता विधिहरु भरपर्दो, सजिलो र आयोजना स्थलमा कार्यरत जनशक्तिले अवलम्बन गर्न सक्ने खालको हुनुपर्दछ।

९.४. अनुगमनको लागि समय तालिकाः आयोजना निर्माण र सञ्चालनका विभिन्न अवस्थामा अनुगमन गर्नुपर्ने भएकाले सूचकको प्रकृति हेरी वातावरणीय अनुगमन गर्ने समय तालिका प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ ।

९.५. अनुगमन गर्ने निकायः वातावरणीय अनुगमनको लागि सम्वन्धित निकाय वा मन्त्रालय जिम्मेवार हुनेछ।यस अर्थमा कृषि क्षेत्रसँग सम्वन्धित

प्रस्तावको हकमा प्रदेशको कृषि हेर्ने मन्त्रालयले अनुगमन गर्नेछ। पूर्वाधार सम्बन्धित हकमा पूर्वाधार हेर्ने मन्त्रालयले गर्नेछ। प्रस्तावक आफैले पनि कुनै न कुनै सूचक अनुगमन गर्न सक्नेछ, जसले गर्दा कुनै सञ्चालन प्रभावलाई तुरुन्तै हटाउन वा न्यून गर्न सकिनेछ। प्रतिवेदनमा कुन कुन सूचक क-कसले अनुगमन गर्ने भन्ने प्रष्ट खुलाउनु पर्नेछ। साधारण तथा घरिघरि गरिनुपर्ने अनुगमन प्रस्तावकले गरेको खण्डमा प्रभाव न्यूनीकरण छिटो र कम खर्चमा गर्न सकिनेछ। प्रस्तावको अनुगमन गर्ने जिम्मेवारी प्रस्तावककोमा निहीत रहनेछ। तर सो अनुगमनको प्रतिवेदन माथि सुपरिवेक्षण सम्बन्धित मन्त्रालयले गर्नेछ।

९.६. <u>अनुगमनको लागि अनुमानित रकम (Monitoring Cost):-</u> प्रस्ताव कार्यान्वय (निर्माण र सञ्चालन) को समयमा विभिन्न सूचकहरुको अनुगमन गर्न आवशयक पर्ने रकम पनि प्रतिवेदनमा खुलाउनु पर्दछ र यस रकम प्रस्तावकले मात्रै व्यहोर्ने हो वा अन्य स्रोतबाट पनि व्यहोरिने हो, सो पनि उल्लेख गर्नु पर्दछ।

<u>तालिकाः अनुगमनसम्वन्धी विवरणलाई म्याट्रिक्सको रुपमा प्रस्तुत गरिएको छः-</u>

| अनुगमनका प्रकार | अनुगमनका सूचकहरु | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| प्रारम्भिक अवस्थाको अनुगमन | | | | | | |
| १. | | | | | | |
| प्रभाव अनुगमन | | | | | | |
| १. | | | | | | |
| नियमपालन अनुगमन | | | | | | |
| १. | | | | | | |

## अध्याय १० (बढीमा ५ पृष्ठ)

### १०. वातावरणीय परीक्षणः

१०.१. वातावरणीय परीक्षणका किसिम

(१) निर्णय तहको परीक्षण,

(२) कार्यान्वयन परीक्षण,

(३) कार्यको प्रभावकारिता परीक्षण,

(४) आयोजना प्रभाव परीक्षण,

(५) आंकलन गरिएको प्रविधि परीक्षण,

(६) वातावरणीय प्रभाव मूल्याङ्कन प्रकृया परीक्षण।

१०.२. वातावरणीय परीक्षणमा सामान्यतया देहायका तीन पक्ष संलग्न हुने गर्दछन्ः-

(१)परीक्षक ,

(२)परीक्षित पक्ष (प्रस्तावसँग) सरोकार भएको,

(३)तेस्रो पक्ष।

१०.३. स्वेच्छिक वा बाध्यकारी परीक्षणको लागि संलग्न पक्ष वा संस्थाको आधारमा वातावरणीय परीक्षण

(१)आन्तरिक परीक्षण,

(२)बाह्य परीक्षण,

(३)बाध्यकारी परीक्षण,

(४)स्वैच्छिक परीक्षण।

१०.४. वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचाः परीक्षणको उद्देश्य र क्षेत्र अनुसार प्रतिवेदनको ढाँचा फरक हुन सक्छ तथापि यसलाई तर्कसँगत रुपमा देहाय अनुसार प्रस्तुत गरिएको छः-

| | |
|---|---|
| अध्याय १ | कार्यकारी सारांश |
| अध्याय २ | परीक्षण प्रशासनिक एवं परीक्षण कार्यको विवरण, आयोजना स्थलमा गरिएका अन्तर्वार्ता, परीक्षण गर्ने पक्ष एवं परीक्षणका क्षेत्र र विधि यो अध्ययनमा समावेश गर्नु पर्छ । साथै, वातावरणीय अनुगमन, परीक्षणसँग सम्बन्धित तथ्याङ्क तथा विवरण पनि समावेश गर्नु पर्नेछ । |
| अध्याय ३ | परीक्षणको पूर्ण विवरण |
| अध्याय ४ | आयोजना सम्बन्धमा पालना गर्नु पर्ने सुझावहरु एवं सुधारात्मक कार्यहरु |
| अनुसूचीहरु | सम्बन्धित तथ्याङ्क एवं विवरण |
| परीक्षण गर्ने समूहमा समावेश हुनु पर्ने जनशक्ति | |
| प्रविधिकहरु | प्रस्तावसँग विषय मिल्ने विज्ञ |
| | वातावरण विज्ञ |
| | सामाजिक, आर्थिक, साँस्कृतिक विज्ञ |
| | प्रस्तावको क्षेत्र, किसिम र यसले पारेको प्रभावहरुको गाम्भीर्यताको आधारमा थप अन्य विज्ञहरु |
| वातावरणीय परीक्षण को लागि चेकलिष्ट | |
| १. भौतिक पक्ष | |

| | विवरण | आयोजनाको क्रियाकलाप | अनुमान गरिएको प्रभाव | खास प्रभाव | न्यूनीकरणका उपायहरु | प्रभावकारिता | सूचना | तथ्याङ्को स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वायुको गुण | | | | | | | | |
| २ | पानीको गुण | | | | | | | | |
| ३ | ध्वनिको मात्रा | | | | | | | | |
| ४ | भू-उपयोग | | | | | | | | |
| ५ | जलस्रोत | | | | | | | | |
| २. जैविक पक्ष | | | | | | | | | |
| | विवरण | आयोजनको क्रियाकलाप | अनुमान गरिएको प्रभाव | खास प्रभाव | न्यूनीकरणका उपायहरु | प्रभावकारिता | सूचना | तथ्याङ्को स्रोत | |
| १ | वन जंगल | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | वनस्पति | | | | | | | | |
| ३ | जीवजन्तु | | | | | | | | |
| ४ | गैह्रकाष्ठ | | | | | | | | |
| ५ | माछा | | | | | | | | |
| ६ | दुर्लभ एवं संकटापन्न प्रजाति | | | | | | | | |
| ७ | सरक्षण क्षेत्र | | | | | | | | |
| ३. सामाजिक आर्थिक तथा सांस्कृतिक पक्ष | | | | | | | | | |
| | **विवरण** | **आयोजनाको क्रियाकलाप** | **अनुमान गरिएको प्रभाव** | **खास प्रभाव** | **न्यूनीकरणका उपायहरु** | **प्रभावकारिता** | **सूचना** | **तथ्याङ्कको स्रोत** | |
| १ | शिक्षा | | | | | | | | |
| २ | कृषि | | | | | | | | |
| ३ | रोजगारी | | | | | | | | |
| ४ | बसाईंसराई | | | | | | | | |
| ५ | स्वाथ्य र सरसफाइ | | | | | | | | |
| ६ | वातावरणीय सौन्दर्यता | | | | | | | | |
| ७ | लैंगिक सवाल | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | धार्मिक तथा सांस्कृतिक स्थिति | | | | | | | | |
| ९ | सामाजिक स्थिति | | | | | | | | |

## अध्याय ११ (बढीमा ४ पृष्ठ)

### ११. निष्कर्ष तथा सुझावः

११.१. अध्ययनको निष्कर्षः वातावरण संरक्षणका उपायहरु र वातावरणीय अनुगमनको कार्यान्वयनको पक्षमा प्रस्तावकको प्रतिवद्धता तथा अन्य अध्ययन को आवश्यकता पर्ने नपर्ने आदि प्रष्ट्याई निष्कर्षमा राख्नु उपयुक्त हुनेछ। अध्ययनको निष्कर्ष र पुनरावलोकन समितिको राय सुझाव अनुसार वातावरण प्रभाव मूल्याङ्कनमा शर्तहरु समावेश गरिनेछ।

११.२. सुझावः वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्दा प्रस्तावकले परामर्शदाताको सहयोग लिएको र परामर्शदाताले सुझाव दिएको भए पनि प्रतिवेदनमा त्यस्तो सुझाव राखी स्वीकृतिको लागि पेश गर्न मिल्दैन, किनकि प्रस्तावकले नै प्रतिवेदन तयार गरी पेश गर्नु पर्दछ। यसमा सुझाव हैन, प्रस्तावकको प्रतिवद्धता झल्किनु पर्दछ। प्रस्ताव कार्यान्वयन गर्दा अन्य संस्था वा निकायबाट आवश्यक पर्ने सहयोगलाई उल्लेख गर्न सकिनेछ। प्रस्ताव कार्यान्वयनमा कुनै नीति, कानून वा मापदण्डले वाधा पुऱ्याउने अवस्था आएमा त्यस्ता वाधालाई कसरी फुकाउन सकिन्छ भन्ने वारेमा राय दिन सकिनेछ।

## अध्याय १२

१२. **सन्दर्भ सामाग्रीः** प्रतिवेदन तयार गर्दा उद्धृत गरिएका सन्दर्भ सामग्रीहरुको प्रकाशन सम्बन्धी सूची निम्न लिखित आधारमा बनाउनेः

(क) लेखक,

(ख) प्रकाशित भएको मिति,

(ग) उद्धृत गरिएका सामग्रीको शीर्षक,

(घ) उद्धृत गरिएका प्रकाशन वा पत्रिकाको नाम,

(ङ) वर्ष, खण्ड, अंक आदि (भएको खण्डमा),

(च) पृष्ठ।

ढाँचाः लेखकहरु, प्रकाशित भएको बर्ष ....., उद्धृत गरिएका सामग्रीको शीर्षक ..... उद्धृत गरिएका प्रकाशन वा पत्रिकाको नाम...., वर्ष, खण्ड (अंक), पृष्ठहरु।

## अध्याय १३

१३. **अनुसूचीः** अनुसूचीमा देहायका कुराहरु समावेश गर्नेः-

(क) भू-वनोट, भौगोलिक स्थिति, भू-उपयोग, भू-क्षमता र अध्ययनसँग सम्बन्धित नक्शाहरु फोटोग्राफहरु,

(ख) सम्भव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपरिका क्षेत्रहरुको हवाई फोटोहरु,

(ग) स्थलगत अनुसन्धानका लागि प्रयोग गरिएका प्रश्नवाली वा विषय वस्तुको सूची,

(घ) चार्ट, तथा चित्रहरु जस्ता वातावरणीय प्रभाव मूल्याङ्कनसँग सम्बन्धित कुराहरु,

(ङ) जलवायु तथा हावापानी सम्बन्धी तथ्याङ्क (समयको आधारमा क्रमबद्ध गरी),

(च) प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको तथ्याङ्क

(छ) भौगर्भिक तथा जोखिम मूल्याङ्कन तथ्याङ्क (प्राप्त गर्न सकिने भएमा),

(ज) उपलब्ध हुन सक्ने भएमा आयोजना सञ्चालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनिको स्तर सम्बन्धी जानकारी,

(झ) वातावरण प्रभाव मूल्याङ्कन सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्ध रेखाचित्र,

(ञ) नक्शा, स्लाइड, रेकर्डहरु तथा भिडियो फिल्मजस्ता सहायक श्रव्य दृश्य सामग्री,

(ट) बाली लगाउने तरिका, पशुपालन, माटोको गुण, रासायनिक मल, प्रयोग गर्ने मात्रा सम्बन्धी तथ्याङ्क

(ठ) आमन्त्रित व्यक्तिहरु तथा सहभागीहरुको सूची तथा सम्बन्धित संस्थाहरुबीचको छलफल, भेला र बैठकको रेकर्डहरु तथा छलफल र अनुगमनको छोटो जानकारी,

(ड) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको तयारीमा संलग्न अध्ययन टोलीको व्यक्ति तथा संस्थाहरुको नामावली,

(ढ) अध्ययनको क्रममा सम्पर्क गरिएका व्यक्ति तथा संस्थाहरुको नाम, ठेगाना र टेलिफोन नम्बरहरु,

(ण) प्रस्तावक र अध्ययन टोलीको स्वंय घोषणापत्र,

(त) अध्ययन सम्बन्धी सार्वजनिक सूचना, मुचुल्का, सिफारिसपत्र, लिखित रायसुझावहरु, सार्वजनिक परामर्श बैठक र सार्वजनिक सुनुवाईसँग सम्बन्धित कागजपत्रहरु ।

**पुनश्चः** वातावरणीय अध्ययनका कुनै पनि दस्तावेजहरु नेपाली भाषाको युनिकोडमा टापइ गरी लेखिएको हुनु पर्नेछ। फण्ट साइज १२ र तलमाथि १-१ ईन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवैतर्फ प्रिन्ट गरी स्पाइरल व्याण्डिंग गरेको हुनु पर्नेछ।

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा रहनु पर्ने वातावरणीय व्यवस्थापन योजनाको खाका:

| विषयगत क्षेत्र | सकारात्मक प्रभावको वढोत्तरीका क्रियाकलापहरू | के गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, वजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | |
| सांस्कृतिक क्षेत्र | | | | | | | |
| अन्य | | | | | | | |
| विषयगत क्षेत्र | नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलापहरू | के गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, वजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
| भौतिक क्षेत्र | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | |
| सांस्कृतिक क्षेत्र | | | | | | | |
| अन्य | | | | | | | |

यस्तो वातावरणीय व्यवस्थापन योजनाको प्रस्ताव आयोजनाको निर्माण तथा सञ्चालन चरणका लागि अलग अलग रुपमा उल्लेख गर्नु पर्नेछ ।

अनुसूची-७

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूची**

(१) प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना,

(२) प्रस्तावक,

.......... (प्रस्तावकको नाम र ठेगाना)...........

............ (महिना, वर्ष)..............

(३) प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना,

(४) प्रस्तावको सामान्य परिचय,

(५) प्रस्तावको सान्दर्भिकता,

(६) प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम तथा निर्देशिकाहरू,

(७) प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभावः-

(क) सामाजिक-आर्थिक,

(ख) साँस्कृतिक-भौतिक,

(ग) रसायनिक,

(घ) जैविक।

(८) प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका कुराहरू,

(९) प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू,

(१०) अन्य आवश्यक कुराहरू।

अनुसूची-८

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची</u>**

(१) प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना,

(२) प्रस्तावको सामान्य परिचय,

(३) प्रस्तावको सान्दर्भिकता,

(४) प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि,

(५) प्रतिवेदन तयार गर्दा विचार गर्न पर्ने नीति, ऐन, नियम तथा निर्देशिकाहरू,

(६) प्रतिवेदन तयार गर्दा लाग्नेः-

(क) समय,

(ख) अनुमानित बजेट।

(७) प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव,

(क) सामाजिक-आर्थिक,

(ख) साँस्कृतिक-भौतिक,

(ग) रसायनिक,

(घ) जैविक।

(८) प्रस्ताव कार्यान्वयनका विकल्पहरूः-

(क) डिजाइन,

(ख) आयोजना स्थल,

(ग) प्रविधि र सञ्चालन विधि, समय तालीका, प्रयोग हुने कच्चा पदार्थ,

(घ) अन्य कुराहरू।

(९) प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका कुराहरू,

(१०) प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू,

(११) अन्य आवश्यक कुराहरू।

अनुसूची-९

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण प्रतिवेदन ढाँचा**

(आवरण पृष्ठको ढाँचा)

प्रस्तावको शीर्षक, प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना (प्रतिवेदनको शुरुमा नै उक्त प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना (टेलिफोन, फ्याक्स र इमेल आदि सहित) उल्लेख गरी प्रतिवेदनको शुरु पृष्ठमा निम्न ढाँचामा प्रस्तुत गर्न सकिने छ)

.......... (प्रस्तावको नाम) ............... को

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको क्षेत्र निर्धारण प्रतिवेदन

..............................................

(प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावक

.......... (प्रस्तावकको नाम र ठेगाना)...........

............ (महिना, वर्ष)..............

प्रस्तावको प्रकृति र त्यससँग सम्बन्धित क्षेत्र हेरी देहायका कुरा स्पष्ट खुलाउनु पर्ने

(१) परिचय,

(२) भूमिका,

(३) प्रस्तावकको परिचय,

(४) प्रस्तावको परिचय,

(५) क्षेत्र निर्धारणको उद्देश्य,

(६) प्रस्तावको सान्दर्भिकता,

(७) कानूनी औचित्यता,

(८) प्रस्तावको बारेमा जानकारी,

(९) प्रस्तावको परिचय,

(१०) स्थान। अवस्थिति र पहुँच,

(११) प्रकृति/किसिम,

(१२) संरचनाहरुको जानकारी र अवयवहरुः (Salient Features) (प्रष्ट रुपमा स्थलगत अवस्थाको नक्सासँग मेल खाने हिसाबले प्रस्तुत गर्नुपर्ने),

(१३) प्रस्ताव/आयोजना सम्बन्धी क्रियाकलापहरुः (निर्माण पूर्व, निर्माणको चरणमा र सञ्चालन तथा मर्मत सम्भारको चरणमा),

(१४) निर्माण योजनाः-

(क) जग्गाको क्षेत्रफल

(ख) जग्गाको प्रकार

(१५) प्रस्ताव/आयोजनाको लागि आवश्यकताः

आवश्यक जनशक्ति, निर्माण सामग्री (परिमाण र स्रोत), निर्माण तालिका, प्रयोग हुने ऊर्जा (किसिम, स्रोत, खपत हुने परिमाण), प्रयोग हुने प्रविधि associated/ancillary facilities, प्रस्ताव कार्यान्वयन तालिका

(१६) अन्य थप विवरण,

(१७) प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका, मापदण्ड, सन्धि सम्झौताः

(प्रस्तावको प्रकृति र त्यससँग सम्बन्धित क्षेत्र हेरी पुनरावलोकन गर्नु पर्ने)

| | प्रतिवेदन तयार गर्दा पुनरावलोकन गरिने दफा/नियम/खण्ड आदि र सम्बन्धित बुँदा | |
|---|---|---|
| | बुँदा | सम्बन्धित विवरण |
| संविधान | | |
| नीति | | |
| ऐन | | |

| | | |
|---|---|---|
| नियमावली | | |
| निर्देशिका | | |
| मापदण्ड | | |
| सन्धि सम्झौताहरु | | |

(१८) क्षेत्र निर्धारण प्रतिवेदन तैयार गर्दा अवलम्बन गर्नु पर्ने विधिः

(१९) साहित्यिक पुनरावलोकन,

(२०) सूचना प्रकाशनः क्षेत्र निर्धारण सम्बन्धी सूचना यसै साथ संलग्न अनुसूची १२ को ढाँचा अनुरुप हुनुपर्दछ,

(२१) स्थलगत अध्ययन,

(२२) छलफल तथा परामर्श,

(२३) वातावरणीय सवालहरुको पहिचान तथा प्राथमिकीकरणः यस कार्यको लागि देहायका औजार (Tool) हरुको प्रयोग गर्न सकिनेछ-

(क) चेकलिष्ट,

i. Interaction matrix,
ii. Stepped matrix,
iii. Network

माथि उल्लेखित बुँदा नं. (१) र (२) का Tools हरु प्राथमिक सवाल पहिचानको लागि प्रयोग गरिन्छ भने बुँदा नं (३) र (४) का Tools हरु द्वितीय तथा तृतीय सवाल समेतको पहिचानको लागि प्रयोग गरिन्छ।

(२४) क्षेत्र निर्धारण प्रतिवेदन तयारी,

(२५) विद्यमान वातावरणीय अवस्थाः

प्रस्तावले प्रभाव पार्न सक्ने स्थानहरुको भौतिक, रसायनिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वस्तुस्थितिको बारेमा आधारभूत जानकारी (न्यूनतम चेकलिष्टमा भएमा तथ्याङ्क आवश्यक पर्ने)

तालिका विभिन्न क्षेत्रहरु र आवश्यक आधारभूत तथ्याङ्क वा विवरणका किसिम

| अवयव | आवश्यक विवरण | प्रस्तावका क्षेत्रहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जलस्रोत र ऊर्जा | स्वास्थ्य | कृषि | उद्योग | वन | ... |
| भौतिक वातावरण | | | | | | | |
| भौगोलिक अवस्था, धरातलीय अवस्था र भू-उपयोग | | | | | | | |
| जलवायु | वर्षा | | | | | | |
| | तापक्रम | | | | | | |
| | आद्रता | | | | | | |
| | वायुको दिशा | | | | | | |
| जल तथा जलाधार क्षेत्र | नदी | | | | | | |
| | ताल | | | | | | |
| | अन्य जलस्रोत | | | | | | |
| | बाढी | | | | | | |
| | हिमताल विष्फोटित बाढी | | | | | | |
| भू-गर्भ | चट्टान र माटोको किसिम | | | | | | |
| | भूगर्भीय बनौट/संरचना | | | | | | |
| | पहिरो भू-क्षय | | | | | | |
| | भुकम्पीय जोखिम | | | | | | |
| वायुको गुणस्तर र ध्वनिको स्तर | वायुको गुणस्तर | | | | | | |
| | ध्वनिको अवस्था | | | | | | |
| पानीको गुणस्तर | सतही पानीको गुणस्तर | | | | | | |
| | जमिन मुनीको पानीको गुणस्तर | | | | | | |
| जैविक वातावरण | | | | | | | |
| वनस्पति | जंगलको किसिम | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जलवायुको आधारमा<br>वनस्पतिको आधारमा | | | | | | |
| | संरक्षणको अवस्था<br>-वन व्यवस्थापनको अवस्था<br>-वनस्पतिका प्रमुख प्रजातिहरु<br>-Ethnobotany का दृष्टिले महत्वपूर्ण प्रजातिहरु<br>-जलीय वनस्पतिहरु | | | | | | |
| प्राणी (जनावर) | वन्यजन्तु | | | | | | |
| | चराहरु | | | | | | |
| | सरीसृप | | | | | | |
| | जलचरहरु (प्रजातिहरु, विचरणको अवस्था, वासस्थानको अवस्था) | | | | | | |
| | वन्यजन्तुको वासस्थानको अवस्था | | | | | | |
| माछा जलचर | | | | | | | |
| वनस्पति र प्राणीको प्रजातिको अवस्था | | | | | | | |
| सामाजिक, आर्थिक तथा सास्कृंतिक | | | | | | | |
| जनसांख्यिक विवरण | जनसंख्या | | | | | | |
| | जन्म, मृत्यूको अवस्था | | | | | | |
| | लैंगिक विवरण | | | | | | |
| | | | | | | | |
| | जात | | | | | | |
| | धर्म | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पेशा | | | | | | |
| | घरधुरी | | | | | | |
| | बसाई सराई | | | | | | |
| शिक्षा | शैक्षिक संस्थाको संख्या र किसिम | | | | | | |
| | साक्षरता दर | | | | | | |
| | शैक्षिक स्तर | | | | | | |
| स्वास्थ्य र सरसफाइ | स्वास्थ्य स्थिति | | | | | | |
| | रोगका प्रकार | | | | | | |
| | स्वास्थ्य संस्थाहरुको अवस्था | | | | | | |
| | खानेपानीको अवस्था | | | | | | |
| | शौचालयको अवस्था | | | | | | |
| | फोहरमैला व्यवस्थापनको अवस्था | | | | | | |
| भौतिक/सामुदायिक पूर्वाधार | यातायात पूर्वाधार | | | | | | |
| | ऊर्जा आपूर्ति | | | | | | |
| | सञ्चार (टेलिफोन, हुलाक, टेलिभिजन, इन्टरनेट सेवा) | | | | | | |
| | खानेपानी | | | | | | |
| | बजार | | | | | | |
| | सिंचाई प्रणाली | | | | | | |
| | उद्योग-कलकारखाना | | | | | | |
| आर्थिक | रोजगारी/पेशा/व्यवसाय | | | | | | |
| | जग्गाको स्वामित्व | | | | | | |
| | कृषि उत्पादन | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पशुपालन | | | | | | |
| | आय आर्जन र खर्च | | | | | | |
| | अन्य उत्पादन | | | | | | |
| जलउपयोग | कृषि प्रयोजनको लागि जल उपयोग | | | | | | |
| | उपल्लो र तल्लोतटीय जल उपयोगको अवस्था | | | | | | |
| संस्कृति | ऐतिहासिक र साँस्कृतिक धरोहरहरु | | | | | | |
| | सांस्कृतिक महत्वका खुलास्थलहरु | | | | | | |
| | धार्मिक स्थलहरु | | | | | | |
| | सांस्कृतिक मान्यता, चालचलन र परम्परा | | | | | | |
| भाषा | स्थानीय भाषाहरु र बोल्ने समुदाय | | | | | | |
| | मातृ भाषा बोल्ने समुदाय | | | | | | |
| चाडवाड र अन्य प्रथाहरु | प्रमुख चाडवाड र समारोहहरु | | | | | | |
| | अन्तिम संस्कार गर्ने स्थल र प्रचलन | | | | | | |

क्षेत्र निर्धारणको लागि अध्ययनमा संलग्न विज्ञले पहिचान गरेका र सम्बन्धित सरोकारवालाहरुले उठाएका सवालहरु तथा ती सवालहरुको औचित्यको आधारमा प्राथमिकता निर्धारणः

अध्ययनमा संलग्न विज्ञहरुले पहिचान गरेका तथा सरोकारवालाहरुले उठाएका भौतिक, जैविक, सामाजिक, आर्थिक सांस्कृतिक वातावरणीय सवालहरुको छुट्टा छुट्टै सूची तयार गर्नु पर्नेछ र यसरी छुटयाईएका सूचीबाट औचित्यता र सान्दर्भिकता खुलाई वातावरणीय सवालहरुको प्राथमिकता निर्धारण गरी अन्तिम सूची तयार गर्नु पर्नेछ।यसरी अन्तिम सूची तैयार गर्दा सरोकारवालाहरुले उल्लेख

गरेका सवालमध्ये कुनै सवाल समावेश नभएमा सो समावेश नहुनुका कारण उल्लेख गर्नु पर्नेछ।

(२६) सवालहरुको पहिचानः सवालहरुको पहिचान देहाय बमोजिम गर्न पर्नेछः-

(क) सरोकारवालाहरुले पहिचान गरेका सवालहरु,

(ख) अध्ययन टोलीले पहिचान गरेका सवालहरु,

(ग) प्राथमिकीकरण गरिएका सवालहरु।

प्राथमिकीकरण गरिएका सवालहरु देहायको तालिका बमोजिम उल्लेख गर्नु पर्नेछः-

| | सकारात्मक सवालहरु | नकारात्मक सवालहरु |
|---|---|---|
| निर्माण चरण | | |
| भौतिक | | |
| रासायनिक | | |
| जैविक | | |
| सामाजिक, आर्थिक | | |
| सञ्चालनको चरण | | |
| भौतिक | | |
| रासायनिक | | |
| जैविक | | |
| सामाजिक, आर्थिक | | |
| सांस्कृतिक | | |

अनुसूची-१०

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूची</u>**

(आवरण पृष्ठको ढाँचा)

.......... (प्रस्तावको नाम) ............... को

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको कार्यसूची

........................................................

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावक

.............. (प्रस्तावकको नाम र ठेगाना).......

.................. (महिना, वर्ष)..........

**<u>अध्याय १</u>**

प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

भूमिकाः

प्रस्तावकको नामः

पत्राचार गर्ने पूर्ण ठेगानाः

टेलिफोनः फ्याक्सः

इमेलः

परामर्शदाता संस्था वा व्यक्तिः

संस्था वा व्यक्तिको नामः

पत्राचार गर्ने पूर्ण ठेगानाः

टेलिफोनः फ्याक्सः

इमेलः

ToR को उद्देश्यः

EIA को उद्देश्यः

EIA को औचित्यताः

## अध्याय २

प्रस्तावको बारेमा जानकारीः

२.१. प्रस्तावको सामान्य परिचय,

२.२. प्रस्तावको सान्दर्भिकताःयसमा प्रस्तावको उद्देश्य, आवश्यकता र औचित्यता खुलाउनु पर्नेछ,

२.३. स्थान ,अवस्थिति र पहुँच,

२.४. प्रकृती,किसिम संरचनाहरुको जानकारी र अवयवहरु,

२.५. संरचनाहरुको जानकारी र अवयवहरुः प्रष्ट रुपमा स्थलगत अवस्थाको नक्सासँग मेल खाने हिसाबले प्रस्तुत गर्नुपर्ने,

२.६. प्रस्ताव/आयोजना सम्बन्धी क्रियाकलापहरुः निर्माणको चरणमा र सञ्चालन तथा मर्मत सम्भारको चरणमा,

२.७. निर्माण योजना,

२.७.१. आवश्यक जग्गाको क्षेत्रफल,

२.७.२. जग्गाको प्रकारः निजी र सरकारी र वन क्षेत्र आदि,

२.८. प्रस्ताव र आयोजनाको लागि आवश्यकता,

२.८.१. आवश्यक जनशक्ति,

२.८.२. निर्माण सामग्री (परिमाण र स्रोत),

२.८.३. निर्माण तालिका,

२.८.४. प्रयोग हुने ऊर्जा (किसिम, स्रोत, खपत हुने परिमाण),

२.८.५. प्रयोग हुने प्रविधि, प्रस्ताव कार्यान्वयन तालिका,

२.८.६. अन्य थप विवरण।

## अध्याय ३.

३.१ प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्क,

३.१.१. भौतिक तथा रासायनिक वातावरण,

३.१.२. जैविक वातावरण,

३.१.२. सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण,

३.२. तथ्याङ्क सङ्कलन गर्न अपनाइने विधि,

३.२.१. सन्दर्भ सामग्रीहरुको पुनरावलोकन,

३.२.१.१. भू-बनोट, भौगोलिक स्थिति, भू-उपयोग, भू-क्षमता र अध्ययनसँग सम्बन्धित नक्शाहरु,

३.२.१.२. सम्भव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपरिका क्षेत्रहरुको हवाई फोटोहरु,

३.२.१.३. प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको तथ्याङ्क,

३.२.१.४. भौगर्भिक तथा जोखिम मूल्याङ्कन तथ्याङ्क (प्राप्त गर्न सकिने भएमा),

३.२.१.५. उपलब्ध हुन सक्ने भएमा आयोजना सञ्चालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनिको स्तर सम्बन्धी जानकारी,

३.२.१.६. वातावरण प्रभाव मूल्याङ्कनसँग सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्व रेखा चित्र,

३.२.१.७. अध्ययन प्रतिवेदन तयार गर्दा प्रयोग गरिएका लिखित सामग्रीहरुको सन्दर्भ सूची ।

३.२.२. स्थलगत अध्ययनः यस अन्तर्गत भौतिक वातावरण, जैविक वातावरण र सामाजिक, आर्थिक, सांस्कृतिक वातावरणीय अध्ययनका लागि प्रयोग गरिने विधिहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ,

३.२.२.१. भौतिक वातावरणमा अपनाउनुपर्ने विधि,

३.२.२.१.१. Walkthrough/Direct Observation,

३.२.२.१.२. हावा, पानी र माटोको नमुना सङ्कलन,

३.२.२.१.३. ध्वनिको तह मापन,

३.२.२.२. जैविक वातावरणमा अपनाउनुपर्ने विधि,

३.२.२.२.१. Walkthrough/ Direct Observation, Indirect Sign Survey, Camera Trap,

३.२.२.२.२. Sampling,

३.२.२.२.३. Transect Walk, Point Count,

३.२.२.२.४. Key Informant Interview,

३.२.२.३. सामाजिक, आर्थिक, सांस्कृतिक वातावरणमा अपनाउनुपर्ने विधि,

३.२.२.३.१. Walkthrough/ Direct Observation,

३.२.२.३.२. सरोकारवालासँग छलफल,

३.२.२.३.३. Focus Group Discussion,

३.२.२.३.४. Key Informant Interview,

३.२.२.३.५. Group Discussion.

## अध्याय ४.

४. प्रतिवेदन तयार गर्दा अध्ययन गरिने नीति, ऐन, नियम तथा निर्देशिका,

४.१. प्रतिवेदन तयार गर्दा पुनरावलोकन गर्नुपर्ने नीति, ऐन, नियम र निर्देशिकाहरु,

४.१.१. नेपालको संविधान,

४.१.२. प्रस्तावसँग सम्बन्धित नीति, रणनीतिहरु,

४.१.३. प्रस्तावसँग सम्बन्धित आवधिक योजनाहरु,

४.१.४. प्रस्तावसँग सम्बन्धित ऐनहरु,

४.१.५. प्रस्तावसँग सम्बन्धित नियमावलीहरु,

४.१.६. प्रस्तावसँग सम्बन्धित निर्देशिकाहरु,

४.१.७. प्रस्तावसँग सम्बन्धित वातावरणीय तथा अन्य मापदण्डहरु,

४.१.८. प्रस्तावसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरु।

## अध्याय ५.

५.१. प्रतिवेदन तयार गर्दा लाग्ने;

५.१.१. समय,

५.१.२. अनुमानित बजेट,

५.१.३. विज्ञ जनशक्तिः अध्ययन दलका सम्पूर्ण सदस्यहरुको नाम, ठेगाना, सम्पर्क नं. तथा दस्तखत।

## अध्याय ६.

६.१. क्षेत्र निर्धारण प्रतिवेदनमा पहिचान गरी प्राथमिकीकरण गरिएका सवालहरुको सूची राख्नुपर्नेछ,

६.१.१. सरोकारवालाहरुले उठाएका सवालहरु,

६.१.२. अध्ययन दलले देखेका सवालहरु,

६.१.३. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्न प्राथमिकीकरण गरिएका सवालहरु,

६.१.४. सरोकारवालाले उठाएका तर प्राथमिकीकरणमा नपरेका सवालहरु हटाउनुको औचित्य।

## अध्याय ७.

७.१. अध्याय ६ मा उल्लिखित सवालहरुको आधारमा प्रभाव पहिचान, आँकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्याङ्कन गर्ने विधि तथा औजारहरुको व्याख्या गर्नु पर्नेछ।

७.२. प्रभाव पहिचान, आँकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्याङ्कन गर्ने क्रममा देहायको तालिका बमोजिम गर्नु पर्नेछः-

| सकारात्मक प्रभावहरु | |
|---|---|
| निर्माणपूर्वको चरण | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| निर्माण चरण | |

| | |
|---|---|
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| सञ्चालन चरण | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| नकारात्मक प्रभावहरु | |
| निर्माणपूर्वको चरण (आवश्यकतानुसार) | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| निर्माण चरण | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| सञ्चालन चरण | |

| | |
|---|---|
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |

## अध्याय ८.

८.१. प्रस्ताव कार्यान्वयनका विकल्पहरुः आयोजना नबन्दाको स्थिति, आयोजनाको प्रकार, वनक्षेत्रको प्रयोग, आयोजनाको डिजाइन, स्थल, प्रविधि र सञ्चालन विधि, समय तालिका, प्रयोग गरिने कच्चा पदार्थ, प्रस्ताव कार्यान्वयन गर्दा उत्पन्न हने जोखिम स्वीकार गर्न सकिने वा नसकिने लगायतका पक्षहरुलाई मनन गरी प्रस्तावको विकल्प विश्लेषण गर्नु पर्नेछ।

## अध्याय ९.

९.१. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने सकारात्मक प्रभाव बढाउने, नकारात्मक प्रभाव हटाउने उपायहरुः नकारात्मक प्रभाव हटाउने उपायहरु अवलम्बन गर्दा देहायका तरिकाहरु अपनाउनु पर्नेछ भनी उल्लेख गर्नुपर्नेछः-

९.१.१. निरोधात्मक (Preventive),

९.१.२. सुधारात्मक (Corrective),

९.१.३. क्षतिपूर्ति (Compensatory)।

## अध्याय १०.

१०.१. वातावरणीय व्यवस्थापन योजनाः

## अध्याय ११.

११.१. वातावरणीय अनुगमनको योजनाः

## अध्याय १२.

१२.१. वातावरणीय परिक्षणः यस अन्तर्गत वातावरणीय परीक्षण कहिले र कुन निकायले गर्ने भन्ने व्यहोरा उल्लेख गर्नु पर्नेछ।

## अध्याय १३.

१३.१. अनुसूचीहरुः कार्यसूचीको अनुसूचीमा विषयवस्तुहरु देहाय बमोजिम हुनुपर्नेछः-

(१) नक्साहरु,

(२) चित्रहरु,

(३) प्रयोग गरिने चेकलिष्टहरु,

(४) प्रश्नावलीहरु,

(५) सूचना,

(६) सूचना टाँस गरेको प्रमाण, मुचुल्काहरु।

## अध्याय १४.

१४.१. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको रुपरेखा/बिषयसूचीः अनुसूची-६ को ढाँचा अनुसारको विषय सूचिहरु समावेश गर्नु पर्नेछ।

अनुसूची-११

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सूचनाको ढाँचा**

........आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन/प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति................)

....... प्रदेश. ....... जिल्लाहरु........... नगरपालिका/गाउँपालिकामा (प्रस्तावकको नाम उल्लेख गर्ने) द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ...........................(नाम),..........................(ठेगाना), ..............................(ई-मेल)...................(फोन नं.) |
| प्रस्तावको व्यहोरा | आयोजनाको मुख्य विशेषताको विषयवस्तु उल्लेख गर्ने |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गा.पा. | ........................ जिल्ला ..................... न.पा/गा.पा. ............वडाहरु |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन/प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न. पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ............................(नाम), ........................(ठेगाना), ..........................(ई-मेल).........................(फोन नं.) |
| परामर्शदाताको नाम र ठेगाना | ............................(नाम), ......................(ठेगाना), ........................(ई-मेल).........................(फोन नं.) |

अनुसूची-१२

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचनाको ढाँचा**

........आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति................)

............प्रदेश...................... जिल्लाहरु.............नगरपालिका/गाउँपालिकामा (प्रस्तावकको नाम उल्लेख गर्ने) द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ............................(नाम),..........................(ठेगाना), ........................(ई-मेल).........................(फोन नं.) |
| प्रस्तावको व्यहोरा | आयोजनाको मुख्य विशेषताको विषयवस्तु उल्लेख गर्ने |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गा.पा. | ......................... जिल्ला .................... न.पा/गा.पा. ............वडाहरु |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न. पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ......................... (नाम),..........................(ठेगाना) ......................... (ई-मेल) .................. (फोन नं.) |
| परामर्शदाताको नाम र ठेगाना | ........................... (नाम) .....................(ठेगाना), ............................(ई-मेल) ................. (फोन नं.) |

**प्रमाणीकरण मितिः २०७७।०१।२९**

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५७।-